# घरमा आधारित शिक्षा सम्बन्धी मार्गदर्शन पुस्तिका, २०८१

**प्रकाशक**
**राष्ट्रिय बहिरा महासंघ ,नेपाल**
(श्रवणदृष्टि विहीन राष्ट्रिय स्रोत केन्द्र)
रानीवारी, काठमाडौँ

**Inclusive Futures**

Promoting disability inclusion

पुस्तक: घरमा आधारित शिक्षा सम्बन्धी मार्गदर्शन पुस्तिका, २०८१

प्रकाशक: राष्ट्रिय बहिरा महासंघ नेपाल

सवाधिकार: प्रकाशकमा

संस्करण: प्रथम, २०८१ माघ

प्रति: १००० प्रति

मुद्रक:

## हाम्रो भनाइ

नेपालको संविधान २०७२ ले विना भेदभाव सबै नागरिकको आधारभूत शिक्षाको हक सुनिश्चित गरेको छ । गम्भिर प्रकृतिका अपाङ्गता भएका व्यक्ति लगायत सबै नागरिकको शिक्षामा समतामुलक पहुँचको विस्तार गर्दै गुणस्तरीय शिक्षा उपलब्ध गराउन राज्यले अन्तर्राष्ट्रिय मञ्चहरुमा प्रतिवद्धता जनाउनुका साथै कानुनमा समेत सुधार गरी तीन तहका सरकार मार्फत कार्यान्वयन हुने गरी विभिन्न संयन्त्र समेत बनाएको छ। यस प्रावधानको कार्यान्वयनका लागि अपाङ्गता भएका व्यक्तिहरुलाई अनुकुलित पाठ्यक्रम मार्फत शिक्षा उपलब्ध गराउन राष्ट्रिय शिक्षा नीति, २०७६; अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ लगायतका ऐन समेत जारी भइसकेको छ। विभिन्न प्रयत्नहरुका बाबजुद पनि अझै लगभग ३ प्रतिशत बालबालिकले विद्यालयको ढोका टेक्न पाएका छैनन्। यस संख्या भित्र अति अशक्त, पूर्ण अशक्त र अन्य गम्भिर प्रकृतिका अपाङ्गता भएका बालबालिका भएको तथ्य प्रमाणित नै छ । हाम्रा विद्यालयहरुमा यस्तो अवस्थाका बालबालिकालाई स्विकार्ने वातावरण नहुनु र यस प्रकृतिका बालबालिका विद्यालयमा लामो समय बसेर सिक्नसक्ने अवस्था नहुँदा बालबालिका भएकै ठाउँमा शिक्षा पुऱ्याउनु पर्ने तर्फ राज्यको ध्यान पुग्न नसक्दा यो अवस्था आएको तथ्य जगजाहेर नै छ। सबै बालबालिका माथी उल्लेखित कारणले नियमित रुपमा विद्यालय आउन सक्ने अवस्था छैन भने विद्यालयमा दिइने सुविधा घरमै दिने कार्यक्रम, जसलाई घरमा आधारित शिक्षा भनिन्छ यसको उपलब्धता नेपालमा अपरिहार्य भैसकेको छ। नेपालमा घरमा आधारित शिक्षा प्रणालीको विकास र अभ्यास नहुनाले धैरैलाई यो कार्य कसरी संभव हुन्छ भन्ने समेत थाहा समेत नभएको अवस्थामा **राष्ट्रिय बहिरा महासंघ नेपाललले सेन्स ईन्टरनेशनल** साझेदारीमा चितवन, रूपन्देही, विराटनगर, कास्की र काठमाडौँ जिल्लामा घरधुरी भ्रमण गरी विद्यालय जान नसकेका बालबालिका पहिचान गरी घुम्ति शिक्षकका माध्यमबाट घरमा आधारित शिक्षाबाट उपलब्ध भएको अनुभवमा आधारित भइ चितवन, रूपन्देही, विराटनगर, कास्की र काठमाडौँ जिल्लाका स्थानिय सरकार तथा अन्य सरोकारवाला पक्षहरुसँगको परामर्शका आधारमा घरमा आधारित शिक्षा सञ्चालनको विधि र प्रक्रिया प्रष्ट्याउने उद्देश्यले विकास गरिएको **"पूर्ण र अति अशक्त अपाङ्गता भएका बालबालिकाहरुको विकासका लागि घरमा आधारित शिक्षा सम्बन्धी मार्गदर्शन पुस्तिका, २०८१"** तयार गरिएको हो। यस पुस्तिकाले घरमा आधारित शिक्षाका बारेमा अभिभावक, विद्यालय, सरकारका विभिन्न तह र अन्य सरोकारवालाई कार्यक्रमका बारेमा बुझ्न, विभिन्न पक्षको भूमिकाका बारेमा जान्न, कानुन तथा कार्यविधि बनाइ कार्यान्वयनमा ल्याउन र शिक्षक तथा अभिभावकलाई तालिम समग्री बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ।

नेपालको पहिलो अभ्यासका रुपमा घरमा आधारित शिक्षाको अवधारणालाई पुस्तिकाका रुपमा ल्याउन सघाउनु हुने समावेशी शिक्षाका विज्ञ डा. बाबुराम ढुङ्गाना, राष्ट्रिय बहिरा महासंघका कार्यक्रम व्यवस्थापक सानु खिम्बाजा, कार्यक्रम संयोजक शंकर सिँह चैसीर, बरिष्ठ प्रशिक्षक दुर्गादत्त जोशीलाई धन्यवाद दिन चाहन्छु। त्यस्तै गरी यो अवधारणा विकास गर्ने कार्यक्रममा सहकार्य गरेर सघाउ पुऱ्याउने सेन्स इन्टरनेशनल, चितवन, रूपन्देही, विराटनगर, कास्की र काठमाडौँ जिल्लामा स्थानिय सरकारलाई धन्यवाद दिन चाहन्छु। अत्यन्तै कठिनाइपूर्ण जीवन यापन गरी विद्यालयको ढोका भित्र

छिर्न नसकेका बालबालिकालाई घरैमा शिक्षा उपलब्ध गराइ राज्यलाई सघाउने क्रममा यस अवधारणाका आधारमा भोलिका दिनमा सरकारका विभिन्न तहमा कानुनी प्रक्रियाका माध्यमबाट घरमा आधारित शिक्षालाई कार्यान्वयनमा ल्याउने कार्यमा सघाउन सम्बन्धित सबै सरोकारवालालाई हार्दिक अनुरोध समेत गर्दछु ।

.............................

सन्तोष के सी

अध्यक्ष

राष्ट्रिय बहिरा महासंघ, नेपाल

# Inclusive Futures

Promoting disability inclusion

## बिषयसूची


१. परिचय ........ 7

२. घरमा आधारित शिक्षाको अर्थ ........ 8

३. घरमा आधारित शिक्षा तथा हेरचाहको औचित्य ........ 8

४. घरमा आधारित शिक्षा आवश्यक पर्ने समूह ........ 9

क. श्रवणदृष्टि विहीन ........ 9

ख. अति अशक्त र पूर्ण अशक्त अपाङ्गताको अवस्थाका अटिजम तथा बौद्धिक अपाङ्गता ........ 10

ग. अति अशक्त र पूर्ण अपाङ्गताको अवस्थाका बहुअपाङ्गता र मस्तिष्क पक्षाघात भएका बालबालिका ........ 10

५. घरमा आधारित शिक्षा के होइन? ........ 10

६. पूर्ण र अशक्त अपाङ्गता भएका बालबालिकाको संख्या ........ 10

७. घरमा आधारित शिक्षा तथा हेरचाह उपलब्ध गराइने उमेर ........ 11

८. घरमा आधारित शिक्षा तथा हेरचाहका फाइदाहरु ........ 11

९. घरमा आधारित शिक्षाका लागि प्रमुख नीतिगत आधारहरु ........ 12

१०. घरमा आधारित शिक्षा तथा हेरचाहको सुविधा लिने बालबालिकाले पाउने छात्रवृत्ति ........ 13

११. पूर्ण र अति अशक्त अपाङ्गता भएका बालबालिकालाई घरमा उपलब्ध गराइने हेरचाहहरुः ........ 13

१२. घरमा आधारित शिक्षाको हेरचाह प्रवाहमा संलग्न व्यक्ति तथा निकायहरु ........ 14

१३. घरमा आधारित शिक्षाका लागि आवश्यक पर्ने न्युनतम सामग्रीहरुः ........ 15

१४. घरमा आधारित शिक्षा र हेरचाहको प्रमुख सेवाहरु ........ 15

(क) पहिचान (Screening) ........ 15

(ख) कार्यात्मक परीक्षण (Functional assessment) ........ 15

(ग) चिकित्सकीय परीक्षण (Clinical assessment) ........ 16

(घ) वैयक्तिक शैक्षिक योजना (IEP) ........ 16

१५. घरमा आधारित शिक्षा र हेरचाह सञ्चालनमा स्थानीय तहको भूमिका ........ 16

१६. स्रोत विद्यालयको भूमिका ........ 17

१७. अभिभावकको भूमिका ........ 18

१८. घरमा उपलब्ध गराइने शैक्षिक हेरचाहका न्यूनतम शर्तहरुः ........ 18

१९. नियमित स्वास्थ्य उपचारको व्यवस्था ........ 19

२०. वैयक्तिक शैक्षिक योजनाका माध्यमबाट सिकाइ ........ 19

२१. सहभागितामूलक सञ्चालन........ 19

२२. अभिभावक शिक्षा........ 20

२३. सचेतना कार्यक्रम........ 20

२४. प्रारम्भिक पहिचान गर्ने विधि........ 20

२५. पाठ्यक्रम ........ 20

२६. घरमा आधारित शिक्षाका लागि स्रोत शिक्षकको योग्यता तथा क्षमता........ 21

२७. घरमा आधारित शिक्षा तथा हेरचाह सञ्चालन गरिने स्थानको गुणस्तर........ 21

२८. उच्च शिक्षा प्रदायक निकाय र घरमा आधारित शिक्षा ........ 22

२९. मानव सेवा आश्रम लगायतका परोपकारी संस्थाहरुले घरमा आधारित शिक्षाका कार्यक्रम सञ्चालन गर्न सक्ने ........ 22

अनुसूची १ - पाठ्यक्रमका विषयवस्तु........ 23

अनुसूची २........ 26

अनुसूची ३........ 32

अनुसूची ४........ 41

अनुसूची ५........ 42

# Inclusive Futures

Promoting disability inclusion

### १. परिचय

नेपालमा दिनहुँ विद्यालय ल्याउन कठिनाइ भएका पूर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता र बहुअपाङ्गता भएका बालबालिकालाई कसरी शिक्षा सहितको हेरचाह उपलब्ध गराउन सकिन्छ भन्ने विषयमा छलफल चलिरहेको छ । छिमेकी मुलुक भारत लगायत विश्वका धैरै देशमा अति अशक्त र पूर्ण अशक्त अवस्थाका बालबालिकालाई विद्यालय शिक्षाको तयारी र पुरकका रुपमा घरमा आधारित शिक्षाको अभ्यास गरेको पाइन्छ । नेपालमा पनि पछिल्ला दिनमा विद्यालय जान नसकी घरमै बसेका अति अशक्त र पूर्ण अशक्त अवस्थाका बालबालिकाको संख्या धैरै रहेको पाइएको छ । यस्ता बालबालिकालाई पनि शिक्षाको प्रबन्ध मिलाउनु पर्छ भन्ने कुरामा सरोकारवालाका बिचमा कुनै विवाद छैन । नेपालमा जुनसुकै अवस्थाका बालबालिकालाई आधारभूत शिक्षा दिलाउने सवालमा कुनै कानुन, नीति, कार्यविधि र अन्तर्राष्ट्रिय प्रतिबद्धता लगायत कुनै पनि प्रावधान वाधक नभए पनि सरकारले यसका लागि कुनै पनि छुट्टै कार्यक्रमहरू सञ्चालन तथा कार्यान्वयन गर्न नसकेको अवस्था देखिन्छ । यस अवस्थाका बाबजुद परीक्षणका रुपमा राष्ट्रिय बहिरा महासंघ नेपालले र सेन्स इन्टरनेशनलको सहयोगमा चितवन, रूपन्देही, विराटनगर, कास्की र काठमाडौँ जिल्लामा रहेका स्थानीय तहसँग समन्वय गरेर परीक्षणका रुपमा घुम्ति शिक्षक परिचालन गरी यो कार्यक्रम सञ्चालन गर्दै आइरहेको र यसको प्रभाव पनि सकारात्मक भएको अनुभव गरिएको छ । विभिन्न विकास साझेदार संस्थाहरुले परीक्षणको रुपमा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम अन्तर्गत केही जिल्लाहरुमा अति अशक्त प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरुलाई घरमा आधारित स्वास्थ्य सेवा प्रदान गरेको र यसमा सफलता प्राप्त गरको पाइन्छ । राष्ट्रिय बहिरा महासंघ नेपालले गरेको घरमा आधारित शिक्षाको अभ्यास पहिलो भएकोले सरकारले यस प्रकृतिको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि बनाउन सकेको छैन । राष्ट्रिय बहिरा महासंघ नेपालले चितवन, रूपन्देही, विराटनगर, कास्की र काठमाडौँ जिल्लामा शुरुवाती अवस्थामा संघ संस्थाको सहयोगमा समुदायस्तरबाट यस कार्यक्रमको सफल परीक्षण गरेपछी सरकारी निकायलाई आफ्ना नियमित कार्यक्रमका रुपमा ग्रहण गर्न सहज हुने भएकोले चितवन जिल्लामा भएको सफल परीक्षण पश्चात सञ्चालन गरेको अनुभवका आधारमा अति अशक्त र पूर्ण अशक्त अपाङ्गता भएका बालबालिकाका लागि विद्यालयको तयारी वा निगरानीमा सञ्चालन गरिने 'घरमा आधारित शिक्षा' का लागि वकालत र पैरवी गर्नका र सरकारलाई 'घरमा आधारित शिक्षा' सम्बन्धी कार्यक्रम तथा कार्यविधि बनाउन सहजहोस् भन्ने अभिप्रायले यो मार्गदर्शन पुस्तिका तयार गरिएको हो । नेपालमा नयाँ अभ्यासकारुपमा आएको यस अवधारणाबाट अत्यन्त कठिनाइपूर्ण जीवन विताइ रहेका बालबालिकाले कसरी घरमै शिक्षाको सेवा पाउन सक्छन् भन्ने जानकारी सर्वसाधारणले पनि पाउनेछन् । यस पुस्तिकाले तत्कालमा कार्यक्रमको बारेमा सम्बन्धित पक्षलाई सचेतिकरण गर्न, हाल शुरु गरिएको घरमा आधारित शिक्षाको कार्यक्रम सञ्चालनका लागि मार्गनिर्देश गर्न र पछी सरकारी निकायलाई कार्यविधि वा निर्देशिका तयार गर्न आधार प्रदान गर्ने विश्वास गरिएको छ । पूर्ण र अति अशक्त प्रकृतिका बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि शिक्षा, स्वास्थ्य, थेरापी, सञ्चार, सहायक उपकरणहरु लगायत अन्य विभिन्न प्रकारका सहायताको समेत जरुरत पर्ने भएकोले यस कार्यक्रमलाई नेपालीमा "घरमा आधारित शिक्षा" र अंग्रेजीमा "Homebased Education" भनि नामाकरण गरिएको छ ।

## २. घरमा आधारित शिक्षाको अर्थ

पूर्ण र अति अशक्त प्रकृतिको अपाङ्गता भएका बालबालिकाहरुलाई नियमीत विद्यालयमा जान कठिनाइ हुन्छ। विशेष गरी अति अशक्त अपाङ्गताको अवस्थाका श्रवणदृष्टि विहीन, अति अशक्त र पूर्ण अपाङ्गताको अवस्थाका बौद्धिक र मानसिक अपाङ्गता भएका , अटिजम र मस्तिष्क पक्षघात भएका बालबालिकाको बसाइ धैरैजसो घरमा हुने गर्दछ। यस प्रकृतिका बालबालिकालाई विद्यालयमा जान तयार नहुन्जेल घरमा राखी शिक्षाका साथ हेरचाह गर्नका लागि शिक्षाविद् र चिकित्सकले नै सल्लाह दिएका हुन्छन्। विश्वव्यापी अभ्यासमा पनि साधारणतया चार हप्ता भन्दा लामो समय घरमा बस्नु पर्ने प्रकृतिका बालबालिकाका लागि भने विशेष प्याकेजको सहायताबाट शिक्षा र तालिम दिइन्छ। पूर्ण र अति अशक्त प्रकृतिको अपाङ्गता भएका बालबालिकाहरुलाई घरमै शिक्षा र अन्य सुबिधा उपलब्ध गराइने भएकोले यस प्रकारको शैक्षिक कार्यक्रमलाई घरमा दिइने विद्यालयीय शिक्षा भनिएको हो।

घरमा आधारित र वैकल्पिक शैक्षिक वातावरणको संयोजनमा शिक्षित गर्न सकिने भएकोले घरआधारित शिक्षालाई गम्भीर बौद्धिक वा शारीरिक अपांगता भएका बालबालिकाको शिक्षा पनि भनेर परिभाषित गरिन्छ ताकि उनीहरूले स्वतन्त्र जीवनका सीपहरू हासिल गर्न सकून्। घरआधारित शिक्षाले विद्यालयको तयारी र जीवनको तयारीमा जोड दिन्छ। वैकल्पिक शैक्षिक वातावरणले सामाजिक सीप, व्यावसायिक सीप र दैनिक जीवनका सीपहरू लागू गर्ने अवसर प्रदान गर्दछ। बौद्धिक रूपमा गम्भीर अपांगता भएका बालबालिका त्यस्ता बालबालिका हुन्, जसले सोही उमेर समूहका अपांगता नभएका बालबालिकाहरुले गर्नसक्ने ट्वाइलेट, खाना खुवाउने, सञ्चार, मांशपेसिय सीप, आधारभूत सामाजिक सीप र आत्म सज्जाका दुई वा सोभन्दा बढी कार्यहरू स्वतन्त्र रूपमा गर्न सक्दैनन्।

उमेर बढ्दै जाँदा पनि विद्यालयमा लैजान सक्ने अवस्था नभएमा नजिकको कुनै विद्यालयबाट थप हेरचाह लिने वा उक्त विद्यालयमा त्यस्ता बालबालिकाको शिक्षा तथा विकासात्मक अवस्था अभिलेख गरी घरमै राखी दिने हेरचाह समेतलाई घरमा आधारित शिक्षा संझनु पर्दछ। छिमेकी मुलुक भारतमा राष्ट्रिय शिक्षा नीति, २०२० ले घरमा आधारित शिक्षा तथा हेरचाहलाई कानुनी मान्यता दिएको छ। त्यस्तै गरी घरमा आधारित शिक्षा तथा हेरचाहको प्रयोग बेलायत लगायतका युरोपेली राष्ट्रहरुका अतिरिक्त अमेरिका, क्यानडा, न्युजील्याण्ड, हङ्कङ् र अस्ट्रेलिया जस्ता देशहरुमा व्यवस्थित रुपमा सञ्चालनमा छन्।

## ३. घरमा आधारित शिक्षा तथा हेरचाहको औचित्य

अ. पूर्ण र अतिअशक्त अपाङ्गता भएका बालबालिकाहरुलाई आफ्नो वरपर हेर्न, बोल्न, हिँडडुल गर्न, कुर्सीमा बसाउन, स्वतःस्फुर्तरुपमा उभिन, सरल अभिव्यक्त गर्न, र्‍याल सिँगान पुछन, खानाखान, शौचालय जान, लुगा लगाउन, सिधा बस्न, भऱ्याङ वा सिँढीबाट आफैं तल माथी गर्न, कुनै सामान सन्तुलितरुपमा समाउन कठिनाइ हुन्छ। कतिपयलाई समय समयमा औषधी पानीको व्यवस्था समेत गर्नु पर्ने हुन्छ भने कोही सुतिमात्र रहने अवस्थाका हुन्छन्। कतिपय बालबालिकाले फरक वातावरणमा रुने, चिच्याउने, चिथोर्ने, सामान फालिदिने आदि समेत गर्दछन्। यिनीहरुलाई अभिभावकले नै विद्यालय लैजानुपर्ने र सँधैभरी अभिभावक साथमा रहनु पर्ने अवस्था भएकोले विद्यालयमा धेरै समय राख्न असहज हुन्छ।

आ. उचित वातावरणको प्रबन्ध भएमा यो संसारमा जन्मेका सबै बालबालिकाले केही न केही सिक्न सक्छन्। उनीहरुमा सिकाइको मात्रा, सिक्ने गति र विधि भने फरक हुन सक्छ। सिकाइले नै सरल जीवन जिउन र दीर्घजीवी बनाउँछ। पूर्ण र अति अशक्त प्रकृतिका बालबालिकाहरु जसलाई नियमित विद्यालयमा रहन कठिनाइ हुन्छ, उनिहरुको शिक्षा, विकास तथा हेरचाहको सुविधा घरमै मिलाउनु पर्ने हुन्छ। यसरी घरमै बसेर सिकाइ, सञ्चार

र गमनशिलताका आधारभूत सिपहरु सिकेका बालबालिकाहरु मध्ये धेरै जसो विद्यालयमा प्रवेश गर्न सक्छन्। यस अर्थमा घरमा आधारित शिक्षालाई विद्यालयीय शिक्षाको तयारीकारुपमा पनि लिन सकिन्छ। तिनीहरु मध्ये केही विद्यालय भर्ना हुन सकेनन् भने पनि घरमा परिवार वा संरक्षकसँग बसेरै भएपनि यो सुविधा लिइ आफ्नो जीवनलाई सुखी बनाउन सक्ने हुन्छन्। यी मध्ये कतिपयले व्यासायिक सिप सिकेर समयको सदुपयोग गर्दै आयआर्जनमा समेत सहभागी हुन सक्छन्।

इ. घरमा आधारित शिक्षाबाट साधारणतया पूर्ण र अति अशक्त प्रकृतिका अपाङ्गता भएका बालबालिकाले घरमा आधारित शिक्षा र वैकल्पिक शिक्षाका माध्यमबाट स्वतन्त्र रुपमा जीउन सक्ने स्वावलम्बन सिपको विकास गर्छन्।

ई. घरमा आधारित शिक्षा तथा हेरचाहको प्रमुख उद्देश्य विद्यालय शिक्षाका साथै जीवनको तयारी गर्नु हो।

उ. वैकल्पिक शिक्षाको प्रबन्धमा उनीहरुले सामाजिक सिप, व्यावसायिक सिप र जीवनोपयोगी सिप सिक्ने अवसर पाउँछन्। गम्भिर प्रकृतिका अटिजम र बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुले सोही उमेरका अन्य बालबालिकाले झैँ शौच गर्ने सिप, खाना खाने सिप, सञ्चार गर्ने सिप, शरीर सञ्चालन सिप, आधारभूत सामाजिक सिप, स्वतन्त्रतापूर्वक खेल खेल्ने सिप, स्वतन्त्ररुपमा अभ्यास गर्ने लगायतका सिपहरू सिक्ने अवसर प्राप्त गर्छन्।

## ४. घरमा आधारित शिक्षा आवश्यक पर्ने समूह

नेपाल सरकारले अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ मा अपांगतालाई १० वर्गमा वर्गीकरण गरेको छ। श्रवणदृष्टि विहीनता, बौद्धिक अपाङ्गता, अटिजम र बहु अपाङ्गता उक्त १० वर्ग मध्येका प्रकारहरु हुन् भने मष्तिष्क पक्षाघात शारीरिक तथा बहुअपाङ्गता अपाङ्गता भित्र पर्ने एक प्रकार हो। त्यस्तै गरी यसै ऐनले गम्भिरताका आधारमा अपाङ्गतालाई सामान्य, मध्यम, पूर्ण अशक्त र अति अशक्त गरी चार प्रकारमा वर्गीकरण गरिएको छ। श्रवणदृष्टि विहीनता, बौद्धिक अपाङ्गता, अटिजम, बहु अपाङ्गता, मष्तिष्क पक्षाघात भएका, मस्कुलर डिस्ट्रोफि अन्य कुनै विशिष्ट कारण अति र पूर्ण अशक्तताको मापदण्ड भित्रका दैनिक नित्यकर्मका लागि समेत अन्य व्यक्ति सहायता लिने बालबालिका घरमा आधारित शिक्षाका लागि संभावित समूह हुन्।

विभिन्न प्रकारका पूर्ण र अति अशक्त अपाङ्गता भएका बालबालिकाहरु यस हेरचाहका लक्षित वर्ग हुन्। पूर्ण र अति अशक्त अपाङ्गता भन्नाले बहुअपाङ्गता, श्रवणदृष्टि विहीन, मस्तिष्क पक्षाघात, अटिजम भएका र अति अशक्त र पूर्ण अशक्त अपाङ्गताको अवस्थाका बौद्धिक अपाङ्गता र सोही प्रकृतिका अटिजम भएका बालबालिकाहरु यस प्रकारको हेरचाहका लाभग्राहीहरु हुन्।

### *क. श्रवणदृष्टि विहीन*

श्रवणदृष्टि विहीन अपांगता भन्नाले सुनाइ र दृष्टि सम्बन्धी दुबै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति भनेर बुझिन्छ। श्रवणदृष्टि विहीन अवस्थाका बालबालिका जो अपाङ्गताको गम्भिरताका आधारमा अति अशक्त वा पूर्ण अशक्त अपाङ्गताको अवस्थामा छन्, उनिहरु समेत चिकित्सकको सिफारीसमा कुनै खास अवधिका लागि यो सेवा लिनका लागि योग्य मानिन्छन्।

### *ख. अति अशक्त र पूर्ण अशक्त अपाङ्गताको अवस्थाका अटिजम तथा बौद्धिक अपाङ्गता*

उमेरको बृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्षिक क्रियाकलाप गर्न समस्या हुने अवस्थाका बालबालिका र अटिज भएका सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकास सँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोयाइरहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति जो अपाङ्गताको गम्भिरताका आधारमा अति अशक्त वा पूर्ण अपाङ्गताको अवस्थामा छन्, उनिहरु समेत चिकित्सकको सिफारीसमा कुनै खास अवधिका लागि यो सेवा लिनका लागि योग्य मानिन्छन् ।

### *ग. अति अशक्त र पूर्ण अपाङ्गताको अवस्थाका बहुअपाङ्गता र मस्तिष्क पक्षाघात भएका बालबालिका*

एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति (जस्तैः मस्तिष्क पक्षघात आदि) बहुअपाङ्गताको प्रकार भित्र पर्दछ । त्यस्तै गरी मस्तिष्क पक्षघात शारीरिक अपाङ्गता हो यसले शरीरको गतिशिलता, सन्तुलन र अवस्थालाई प्रभावित तुल्याउँछ । मानिस मस्तिष्कको नियन्त्रणमा हुन्छ । मस्तिष्कको पक्षाघातले मांशपेसीको प्रयोगमा हुने कठिनाइ वा अवस्था देखाउँछ । यो सेवा उपलब्ध गराउने मस्तिष्क पक्षघातमा बालबालिका सहजै विद्यालय जान नसक्ने अवस्था वा अवधिका लागि मात्र हो ।

## ५. घरमा आधारित शिक्षा के होइन?

यस मार्गदर्शन पुस्तिकामा उल्लेख गरिएको घरमा आधारित शिक्षा तथा हेरचाहले महामारी वा प्राकृतिक विपत्ति वा अति तिक्ष्ण बालबालिकाका लागि वा द्वन्दका बखत प्रयोगमा ल्याइने शिक्षालाई जनाउँदैन । यो कुनै पनि प्रकारको सामाजिक, साँस्कृतिक, आर्थिक भौगोलिक वा बौद्धिक कारणले प्रभावित कार्यक्रम होइन । यो त विद्यालय जान कठिनाइ हुने अवस्थाका पूर्ण र अति अशक्त प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरु जसलाई नियमित हेरचाह सहित विशेष शिक्षा सेवाको आवश्यकता पर्दछ, उनीहरुलाई विद्यालय पठाउनका लागि गरिने तयारीको लागि अपनाइने योजनाबद्ध कार्यक्रम मात्र हो ।

## ६. पूर्ण र अशक्त अपाङ्गता भएका बालबालिकाको संख्या

नेपाल सरकारले २०७८ मा प्रकाशीत गरेको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रतिवेदन अनुसार आधारभूत (प्राथमिक) तह विद्यालय उमेर समूहका ९६.९ प्रतिशत बालबालिकाहरु विद्यालय शिक्षाको पहुँचमा पुगेको तथ्यबाट ३.१ प्रतिशत अझै विद्यालय बाहिर छन् भन्ने कुराको पुष्टि भएको छ । यो संख्या भित्र विशेषगरी अति अशक्त तथा पूर्ण अशक्त अपाङ्गता भएका र अति विपन्न परिवारका बालबालिकाहरु पर्दछन् । हालै मात्र नेपाल सरकारले प्रकाशीत गरेको राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनमा उल्लेख भए अनुसार श्रवणदृष्टि विहीनव्यक्तिहरुको संख्या कुल अपाङ्गताको संख्याको १.६ प्रतिशत रहेको छ भने बहु अपाङ्गताको प्रतिशत ८.९ रहेको जनाएको छ ।

बहिरादृष्टि विहीन अभिभावक समाजले काठमाडौँमा, श्रवणदृष्टि विहिन अभिभावक समाज, मोरङले मोरङमा, श्रवणदृष्टि विहिन अभिभावक समाज, रुपन्देहीले रुपन्देहीमा श्रवणदृष्टि विहीनता भएका बालबालिकालाई घरमा आधारित सेवामार्फत शिक्षा तथा तथा हेरचाहको सुविधा लिइरहेको छन् । उक्त तथ्यले नेपालमा श्रवणदृष्टि विहीन लगायत अति

अशक्त र पूर्ण अशक्त अपाङ्गता भएका बालबालिका/व्यक्तिहरु विद्यालय शिक्षामा उनीहरुलाई सम्बोधन हुने कार्यक्रम नहुनाले घरमै रहन बाध्य छन् भन्ने पुष्टि गर्दछ ।

यस  महासंघले चितवन जिल्लाको कालिका नगरपालिका र भरतपुर महानगरपालिकामा गरेको सर्वेक्षण अनुसार ४ देखी १७ वर्ष उमेर समूहका पूर्ण अशक्त, अपाङ्गता भएका बालबालिकाहरु ठूलो संख्यामा विद्यालयबाट बाहिर भएको तथ्य पुष्टि भएबाट मुलुक भरीमा यस्ता बालबालिकाको संख्या अधिक रहेको अनुमान गर्न सकिन्छ ।

## ७. घरमा आधारित  शिक्षा तथा हेरचाह उपलब्ध गराइने उमेर

प्रारम्भिक बालविकास केन्द्र देखी विद्यालय शिक्षाको आधारभूत तह सम्म अध्ययन गर्ने उमेर समूहका बालबालिकालाई यस प्रकारको सुविधा उपलब्ध गराइन्छ । यो सुविधा लिनका लागि ३ वर्ष उमेर पूरा गरेका पूर्वबाल्यावस्थाका बालबालिका देखी कक्षा ८ सम्म अध्ययन गर्ने उमेर र अपाङ्गताका कारण केही वर्ष थप गरी विद्यालय तहको सुविधा लिनका लागि कानुनले तोकेको उमेर भित्रका बालबालिका वाञ्छनिय हुन्छन् । कुनै बालबालिकाहरु शुरुमा यस सुविधा उपलब्ध गराइ तयार गरेपछी विद्यालय जान्छन् भने कोहीलाई नियमित विद्यालयको अभ्यासमा वढी सकस भएका कारण विद्यालयले नै यस कार्यक्रममा सिफारीस गरेपछी जोडिन्छन् र केही बालबालिका पुःन विद्यालय जान सक्ने पनि हुन सक्छन् । यसरी घरमा आधारित  र विद्यालयमा आधारित  कार्यक्रमको निरन्तर प्रयास विद्यालय शिक्षाको सुविधा लिनका लागि कानुनले तोकेको उमेर नपुगुन्जेल सम्म चलिरहन्छ ।

## ८. घरमा आधारित  शिक्षा तथा हेरचाहका फाइदाहरु

घरमा आधारित  शिक्षाको अभ्यास कठिन परिस्थितिमा रहेका बालबालिकाका लागि मात्र हो । विद्यालय जानै नसक्ने अवस्थाका बालबालिकाले पनि घरमै बसेर शिक्षा र विकासात्मक गतिविधिमा सहभागी हुन सक्छन् । विद्यालयको निगरानीमा शिक्षा प्राप्त गर्ने प्रबन्ध मिलाउँदा राज्यका सबै नागरिक शिक्षाको अवसरबाट नछुट्ने, बालबालिकाको समुचित विकास भइ दैनिक जीवन सरल हुने, विद्यालयलाई दिनहुँ विद्यालय आउन सक्ने बालबालिकाको शिक्षामा केन्द्रित हुन मद्दत पुग्ने, पूर्ण र अति अशक्त प्रकृतिका अपाङ्गता भएका बालबालिकाको स्वास्थ्य उपचार लगायतका विभिन्नताको सम्बोधन हुने र बालबालिकाका अभिभावकलाई दिनहुँ विद्यालय जाने आउने झन्झटबाट मुक्त गराइ आफ्नो दैनिक कार्य तालिका बमोजिम कार्य गर्न सजिलो हुने भएकोले यो कार्यक्रम संसारभर लोकप्रिय हुँदै गएको छ । यस प्रकारको हेरचाहलाई देहाय बमोजिम पुष्टि गर्न सकिन्छ ।

(क) पूर्ण र अति अशक्त अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा ल्याउन र लैजान कठिन छ ।
(ख) यस्ता प्रकृतिका बालबालिका विद्यालयमा लामो समय टिक्न सक्दैनन् ।
(ग) विद्यालयमा एक बालक/बालिका, एक शिक्षक/स्याहारकर्ताको प्रबन्ध लामो समय गर्न कठिन छ ।
(घ) घरमा बालबालिकाको कुनै सिकाइ वा क्रियाकलाप सञ्चालनमा ध्यान भङ्ग हुने सम्भावना कम हुन्छ ।
(ङ) विद्यालयमा व्यक्तिपिच्छे खानाको व्यवस्था गर्न कठिन छ ।
(च) बालबालिकाले आफ्नै गतिमा सिक्न वा अभ्यास गर्नपाउँछन् ।
(छ) घरमा सिकाइका रणनितिहरुमा विभिन्नता ल्याउन सम्भव हुन्छ ।

(ज) आफ्ना बालबालिकाका बारेमा उनिहरुका बाबु आमा वा घरका सदस्यले जती अरुले बुझ्न सक्दैनन् । अभिभावकले सही अर्थमा वैयक्तिक शैक्षणिक योजनाको कार्यान्वयन गर्न सक्छन् ।

(झ) घरमा आधारित शिक्षा तथा हेरचाहले बालबालिकाको बसाइ व्यवस्थालाई सरल बनाउँदै अपरिचित वातावरणका कारण उत्पन्न हुने तनाव घटाउँछ ।

(ञ) घरमा आधारित शिक्षामा सिकाइ र औषधि उपचारको तालिका प्रयोगमा लचकताको गुञ्जायस हुन्छ ।

(ट) यस प्रबन्धमा उपचार सम्बन्धी उपकरणको प्रयोग गर्नमा सुरक्षित वातावरणको उपलब्धता मिल्छ ।

(ठ) यस प्रबन्धले संक्रमक रोग लागेका बालबालिकाको उपचार सहज गराइ अरुलाई सर्नबाट जोगाउँछ ।

## ९. घरमा आधारित शिक्षाका लागि प्रमुख नीतिगत आधारहरु

(क) नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहूँचको हक हुने, राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकले प्रत्याभूत गरेको छ ।

(ख) नेपाल पक्ष राष्ट्र रहेको अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय महासन्धी (CRPD, २००६) ले विनाभेदभाव र अन्यव्यक्ति सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन पर्यन्त सिकाइमा पहुँच पुर्याउन सक्षम भएको राज्य पक्षले सुनिश्चित गर्ने व्यहोरा उल्लेख छ ।

(ग) एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको "अधिकारलाई वास्तविक व्यवहारमा उतार्न" तयार गरिएको ईन्चोन रणनीति (Incheon Strategy), २०१२ ले बालबालिकामा भएको अपाङ्गताको शिघ्र पहिचानका साथ शिक्षा र विकासका कार्यक्रमलाई जोड्ने कुरालाई उठाएको छ ।

(घ) दिगो विकासको लक्ष्य ४ ले सन् २०३० सम्ममा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने लक्ष्य राखेकोमा नेपालले सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ ।

(ङ) अपाङ्गता अधिकार ऐन, २०७४ मा अपाङ्गता भएका बालबालिकालाई समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार, हेरचाह, पुनर्स्थापना, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकारको व्यवस्था गर्दै श्रवणदृष्टि विहीन, बौद्धिक, मानसिक, अटिज्म, मस्तिष्क पक्षघात लगायतका अपाङ्गता भएका बालबालिकाका लागि उपयुक्त अनुकूलता प्रदान गरी सिकाइ आवश्यकतालाई सम्बोधन गर्न उपयुक्त भाषा तरिका, लिपि, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ लगायत पहुँचयुक्त सूचना प्रविधिको माध्यमबाट तोकिए बमोजिम व्यवहारिक शिक्षा र आजीवन सिकाइमा पहुँच प्राप्त गर्न सक्षम बनाउने शिक्षाको व्यवस्था मिलाउने कुरा उल्लेख गरिएको छ ।

(च) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको अधिकार हुने र शिक्षा प्राप्त गर्न कसैलाई कुनै पनि आधारमा भेदभाव नगरिने व्यवस्था गर्दै प्रत्येक स्थानिय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा भएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ ।

(छ) राष्ट्रिय शिक्षा नीति, २०७६ मा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने कुरा उल्लेखित छ । त्यस्तै गरी अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने व्यहोरा समेत उल्लेख छ ।

(ज) विद्यालय शिक्षा क्षेत्र योजना, २०२२/२३-३१/३२ को प्रमुख उद्देश्यमा अपाङ्गता भएका लगायतका सबै बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित गर्ने कुरा उल्लेख गरिएको छ ।

### १०.घरमा आधारित  शिक्षा तथा हेरचाहको सुविधा लिने बालबालिकाले पाउने छात्रवृत्ति

नियमित घरबाट विद्यालय आवत जावत गर्न नसक्ने बालबालिकाले ‘क’ वर्गको छात्रवृत्तिमा छात्रावासमा बसी शिक्षामा सहभागिता जनाउँदा उनीहरुलाई वर्षमा १० महिनाको प्रति महिना रु ५,०००/- का दरले सुविधा उपलब्ध गराए झैँ घरमा नै छात्रावासको सुविधा दिइ वर्ष भरीको रू ५०,०००/- नै उपलब्ध हुने गरी शिक्षाको प्रबन्ध गरेमा उनिहरूको गुणस्तरीय जिवनयापनका गर्न सहज हुने भएकाले राज्यले यस्को व्यवस्था गर्नुपर्ने पर्दछ । यो सुविधा अपाङ्गता भए बापतको भत्ता नभएर शिक्षा प्राप्तिका लागि सुविधा मात्र हो । यो सुविधा लिनका लागि बालबालिकाले घर नजिकैको विद्यालयमा भर्ना भइ स्थानिय तह र विद्यालयको समन्वयमा घरमा आधारित  शिक्षा प्राप्त गरेको हुनु पर्दछ । यसरी शिक्षा प्राप्त गरिरहेका बालबालिकाले दिवा खाजा बापत राज्यले उपलब्ध गराएको दैनिक खाजा खर्च समेत उपलब्ध गराउनु पर्दछ ।

### ११.पूर्ण र अति अशक्त अपाङ्गता भएका बालबालिकालाई घरमा उपलब्ध गराइने हेरचाहहरु:


यो घरमा आधारित  शिक्षा तथा हेरचाहको कार्यक्रम भएकोले शिक्षा, स्वास्थ्य र विकाससँग जोडिएका क्रियाकलापहरुका माध्यमबाट बालबालिकामा स्वावलम्बन सिपको विकास गराइन्छ । यस सेवा अन्तर्गत मूलतः देहायका सेवाहरु उपलब्ध गराइन्छ ।

(क) प्रारम्भिक पहिचान
(ख) विभिन्न प्रकारका थेरापी तथा चिकित्सकीय हेरचाहहरु
(ग) अभिमुखीकरण तथा गमनसिलताको अभ्यास
(घ) दैनिक जीवनयापनका लागि आवश्यक सिपहरु
(ङ) लैङ्गिक पहिचान, सामाजिकीकरण, साङ्केतिक भाषा लगायतका  सञ्चार र सामाजिक सिपहरुको विकास
(च) सामाजिक सुरक्षा, परामर्श लगायतका अभिभावकीय सचेतना हेरचाहहरु
(छ) दृष्यात्मक, श्रवणमूलक, स्पर्श लगायतका वोधात्मक सिप
(ज) साङ्केतिक भाषा तथा ब्रेल सिकाइ
(झ) Augmentative and alternative communication सँग सम्बन्धित सिपहरु
(ञ) नाच्ने, गाउने, बजाउने लगायतका मनोरञ्जनात्मक क्रियाकलापहरु
(ट) खेल विधि, माटो वा बालुवा लिएर गरीने लगायतका खेल तथा अन्य शारीरिक व्यायामहरु

(ठ) पूर्वव्यावसायिक र व्यावसायिक सिप

(ड) सुधारात्मक सिकाइ मूल्याङ्कन

(ढ) विद्यालय तयारी: साक्षरता र गणितीय अवधारणा




## १२.घरमा आधारित  शिक्षाको हेरचाह प्रवाहमा संलग्न व्यक्ति तथा निकायहरु

घरमा आधारित शिक्षा तथा हेरचाहको सञ्चालन एउटा प्राविधिक कार्य हो । यो कार्य घर परिवारका सदस्यहरुको अतिरिक्त शिक्षक, चिकित्सक, थेरापिष्ट, परामर्शदाता लगायत विभिन्न संघ संस्थाको प्रयासबाट मात्र संभव हुन्छ ।

(क) संस्थाहरुः

अ. स्थानीय तह वा वडा कार्यालय

आ. विद्यालय

इ. संघसंस्था

(ख) व्यक्तिहरु

अ. अभिभावक वा संरक्षक

आ. समुदायमा आधारित  प्रशिक्षक,

इ. घुम्ती शिक्षक Itinerary Teacher (IT),

ई. विभिन्न प्रकारका थेरापी उपलब्ध गराउने व्यक्तिहरु,

उ. परामर्शकर्ता,

ऊ. स्वास्थ्यकर्मी,

ऋ. सहयोगी

## १३.घरमा आधारित शिक्षाका लागि आवश्यक पर्ने न्युनतम सामग्रीहरु:

घरमा आधारित कार्यक्रम भए पनि बालविकासका लागि विभिन्न प्रयासहरु गरी रहनुपर्ने भएकोले सिक्ने, हिँडडुल गर्ने, खेल्ने, मनोरञ्जन गर्ने, व्यायाम गर्ने, उपचारसँग सम्बन्धित औजार तथा उपकरणहरु जस्ता फरक फरक प्रकारका सामग्रीहरुको आवश्यकता पर्दछ।

अ. सहायक उपकरण वा सामग्री
आ. अनुकुलित सिकाइ सामग्रीहरु
इ. सूचना तथा सञ्चारसँग सम्बन्धी सामग्रीहरु
ई. चिकित्सकीय सामग्रीहरु
उ. व्यायाम तथा मनोरञ्जनका लागि आवश्यक सामग्रीहरु
ऊ. खेलसामग्रीहरु
ऋ. अन्य शिक्षण सिकाइ समाग्रीहरू

## १४.घरमा आधारित शिक्षा र हेरचाहको प्रमुख सेवाहरु

### *(क) पहिचान (Screening)*

बालबालिकामा देखिने अपाङ्गता र त्यसको गम्भिरताको पहिचानका लागि अभिभावकको परामर्शमा चिकित्सक, स्रोत शिक्षक, अभिभावक, थेरापिष्ट परामर्शकर्ता, मनोविद्हरूले निस्श्चित मापदण्डका आधारमा स्क्रिनीङ परीक्षण गर्नुपर्नेछ। सिकाइ वा व्यवहारमा चुनौती देखिएका बालबालिकाको अवस्था पहिचान गरी सिमितताको प्रारम्भिक पहिचान गर्न WGQ (Washington Group of Questionnaires) CFM (Child Functioning Model)को नेपाल संस्करण प्रयोग गरी स्क्रिनीङ गरिनु पर्दछ तर परीक्षणको नतिजा भने सार्वजनिक गर्न पाइनेछैन।

### *(ख) कार्यात्मक परीक्षण (Functional assessment)*

बालबालिकाले प्रदर्शन गर्ने व्यवहारका बारेमा अन्य व्यक्तिले जानकारी राख्न सकेमा बालबालिकाको सिकाइ क्षमता, रुची, सबल पक्ष, कार्य गर्ने गति, तिब्रता, बारम्बारता र सुधार गर्नु पर्ने पक्षका बारेमा जानकारी हुन्छ। कार्यात्मक परीक्षणबाट जोखिमको लेखाजोखा गरी ति जोखिमको सामना गरिने भएकोले अपेक्षित व्यवहारका लागि सहयोगी योजना बनाउन सकिन्छ। मूलतः कार्यात्मक परीक्षण दुइ तरीकाबाट गर्न सकिन्छ। नेपालमा हाल कुनै पनि विधिबाट कार्यात्मक परीक्षणलाई मुलप्रवाहिकरण गरिएको छैन। हाल नेपालमा सबैका लागि पढाइ परियोजनाले बनाएको वासिङ्गटन समूहको २ देखी ४ वर्षका बालबालिकाका लागि र ५ देखी १७ वर्षका बालबालिकाहरुको कार्यात्मक परीक्षणका लागि आधारभूत कार्यात्मक परीक्षणका रुपमा तयार पारेको प्रारम्भिक पहिचान प्रश्नावलीका आधारमा बालबालिकाहरुको कार्यात्मक परीक्षण गरिन्छ। यस सेवामा कार्यात्मक परीक्षण स्रोत शिक्षक वा तालिम प्राप्त शिक्षकको सहभागितामा गरिनेछ। पूर्ण र अति अशक्त अपाङ्गता (बहुअपाङ्गता जटिल र प्रकृतिको अपाङ्गता) भएका बालबालिकाको कार्यात्मक परीक्षणका लागि योग्य हुनेछन्। स्क्रिनिङबाट प्राप्त नतिजामा विज्ञसमूहले गरेको सिफारीसका आधारमा

वाशिङ्टन समूहको प्रश्नावली र कार्यात्मक परीक्षण गर्ने रूजुसूची प्रयोग गरी सञ्चालन गरिनेछ । यस सम्बन्धीका नमूनाहरू अनुसूचीमा राखिएको छ ।

### *(ग) चिकित्सकीय परीक्षण (Clinical assessment)*

बालबालिकाको स्वास्थ्य अवस्थाको पहिचान गर्नका लागि शैशवावस्था देखि नै चिकित्सकीय परीक्षण गर्ने गरी अभिभावकलाई सचेतना कार्यक्रमहरू तय गर्नुपर्दछ । हाल नेपालमा नियमित स्वास्थ्य हेरचाह मार्फत नवजात शिशुको स्वास्थ्य हेरचाहको प्रबन्ध गरिएको छ, त्यही संयन्त्र मार्फत यो कार्य समेत नियमित गर्नुपर्दछ । घरमा आधारित शिक्षा तथा हेरचाहमा निःशुल्क नियमित चिकित्सकीय हेरचाहलाई एक महत्वपूर्ण पक्षका रुपमा स्थापित गरिनु पर्दछ । हरेक बालबालिकाका सामु उनको स्वास्थ्य परीक्षण तथा प्रतिवेदन फाइल यस कार्यक्रममा जोडिएका व्यक्तिले हेर्न सकिने गरी राखिनेछ । चिकित्सकको सल्लाहमा बालबालिकालाई विद्यालयमा नियमित गराउन सक्ने नसक्ने अवस्थाको पहिचान गर्नुपर्दछ ।

### *(घ) वैयक्तिक शैक्षिक योजना (IEP)*

बालबालिकाले घरैमा बसेर सिक्ने विषयवस्तु, सिकाइको रणनीति, विकासात्मक क्रियाकलापहरु र मूल्याङ्कन समेत समावेश गरी अभिभावक, स्रोत शिक्षक, अन्य शिक्षक र परामर्श दिने व्यक्ति समेतको सामुहिक प्रयासमा बालबालिकाको व्यक्तिगत अवस्थालाई उपयुक्त हुने गरी सिकाइको योजना बनाइन्छ त्यो नै वैयक्तिक शैक्षिक योजना हो ।

## १५.घरमा आधारित शिक्षा र हेरचाह सञ्चालनमा स्थानीय तहको भूमिका

नेपालको वर्तमान संविधानले स्थानीय तहलाई तोकिएको क्षेत्रमा कानुन बनाउने देखी कार्यान्वयन गर्ने सम्मको अधिकार दिएको छ । जनताको दिनानुदिनको समस्या स्थानीय तहले नै निकटतम भएर पहिचान गर्नुपर्ने भएकोले ती समस्याको समाधानका लागि हरतरहले लागिपर्नु यस तहको दायित्व भित्र पर्दछ । नेपालको संविधानले विद्यालय तह सम्मको शिक्षा स्थानीय तहलाई व्यवस्थापन गर्ने अधिकार दिएकोले आफ्नो क्षेत्र भित्रका बालबालिकालाई अनिवार्यरुपमा विद्यालय शिक्षा उपलब्ध गराउन विभिन्न रणनीतिहरु अख्तियार गर्नु पर्ने देखिन्छ । विद्यालय जान नसक्ने अवस्थाका बालबालिकाको पहिचान गरी उचित प्रकारको सुविधाका लागि कार्यक्रम बनाउने र लागू गर्ने काम स्थानीय तहकै जिम्मेवारीमा पर्दछ । घरमा आधारित शिक्षा सहजरुपमा उपलब्ध गराउन स्थानीय तहले निम्न कार्यहरु गर्नु पर्दछ ।

(क) वडा कार्यालय मार्फत आफ्नो हेरचाह क्षेत्र भित्र वसोवास गर्ने अपाङ्गता भएका बालबालिकाको तथ्याङ्क नियमितरुपमा अद्यावधिक गर्ने ।

(ख) आफ्नो सेवा क्षेत्र भित्रका सबै बालबालिकाहरुको अपाङ्गताको स्क्रिनीङ, कार्यात्मक पहिचान, चिकित्सकीय परीक्षणको व्यवस्था र सामान्य थेरापी सेवा निःशुल्क रुपमा गराउने प्रबन्ध मिलाउनु ।

(ग) हरेक स्थानीय तहसँग घरमा आधारित शिक्षा के हो, यसमा कुन कुन सुविधा हुन्छ, ककसलाई दिनु पर्छ र कसरी उपलब्ध गराउने भन्ने सम्बन्धमा स्पष्ट खुलेको कार्यविधि बनाउने ।

(घ) अपाङ्गताको प्रकृति अनुसार घरमा आधारित शिक्षा तथा हेरचाहको आवश्यकता पर्ने वा सिधै विद्यालय पठाउन सकिने गरी बालबालिकालाई वर्गीकरण गर्ने ।

(ङ) घरमा आधारित  शिक्षा तथा हेरचाह आवश्यक पर्ने बालबालिकाका लागि नजिकको विद्यालयलाई स्रोत विद्यालयको रुपमा काम गर्नेगरी जिम्मेवारी तोक्ने।

(च) घरमा आधारित  शिक्षा, तालिम, स्वास्थ्य शिक्षा, थेरापी हेरचाह, र सहयोगी सामग्री वितरण आदि कार्यका लागि अन्य सामाजिक तथा व्यावसायिक संघसंस्थाहरुसँग सहकार्यको प्रबन्ध मिलाउने।

(छ) घरमा आधारित  शिक्षा तथा हेरचाह लिइरहेका बालबालिकाहरुलाई नियमित स्वास्थ्य हेरचाह उपलब्ध गराउनका लागि नजिकको स्वास्थ्य संस्थासँग समन्वय गर्ने।

(ज) घरमा आधारित  शिक्षा तथा हेरचाह उपलब्ध गराउने स्रोत शिक्षकलाई नियमित तालिमको व्यवस्था गर्ने।

(झ) घरमा आधारित  शिक्षाको परिचय र यसका लाभग्राही,  उपलब्ध गराइने हेरचाह तथा सुविधाहरु र यस कार्यमा जोडिएका व्यक्ति वा निकायका बारेमा सम्बन्धित सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने।

(ञ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षाका क्षेत्रमा तोकेका काम अनुसार आफ्नो क्षेत्र भित्रका विद्यालय उमेर समूह भित्रका बालबालिकालाई शिक्षामा समतामूलक पहुँच गराउन र गुणस्तरीय शिक्षा उपलब्ध गराउन विद्यालय आउन नसक्ने बालबालिकाका लागि वार्षिक नीति तथा बजेट मार्फत अलग्गै कार्यक्रमको व्यवस्था गर्ने।

## १६.स्रोत विद्यालयको भूमिका

घरमा आधारित  शिक्षा तथा हेरचाह भनिएता पनि पूर्ण र अति अशक्त प्रकृतिका अपाङ्गता भएका बालबालिकालाई अभिलेखीकरण, नियमित हेरचाह प्रवाह र प्रतिवेदन गर्ने प्रयोजनका लागि सम्बन्धित स्थानीय तहले तोकिदिएको विद्यालय  मार्फत मात्र हेरचाहको सञ्चालन गर्नुपर्ने भएकोले विद्यालय वा स्रोत विद्यालयको भूमिका ठूलो छ। विद्यालय वा स्रोत विद्यालय भन्नाले यहाँ उल्लेख गरिएको हेरचाह उपलब्ध गराउने विद्यालयलाई संझनु पर्दछ।

क. स्थानीय तहले तोकेर पठाएका पूर्ण र अति अशक्त प्रकृतिका अपाङ्गता भएका बालबालिकालाई अभिलेखीकरण गरी घरमा आधारित  शिक्षा तथा हेरचाह लिनका लागि अपाङ्गता छात्रवृत्ति, दिवा खाजा र अन्य हेरचाह तथा सुविधा उपलब्ध गराउने।

ख. घरमा आधारित  शिक्षा लिइरहेका बालबालिकाहरुलाई शिक्षा तथा हेरचाह दिनका लागि स्थानीय तहसँगको समन्वयमा स्रोत शिक्षक वा शिक्षकको व्यवस्था गर्ने।

ग. घरमा आधारित शिक्षा तथा हेरचाह लिइ रहेका बालबालिकाको अभिभावकलाई परामर्श तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

घ. बालबालिकाको सिकाइका लागि अभिभावक, स्रोत शिक्षक र अन्य विज्ञको उपस्थितिमा  वैयक्तिक शैक्षिक योजना बनाउने।

ङ. घरमा आधारित  शिक्षा तथा हेरचाह लिइरहेका बालबालिकाको नियमित प्रगतिको प्रतिवेदन स्थानीय तहको शिक्षा महाशाखा वा शाखामा पेश गर्नु।

च. यस्ता बालबालिकाको विकासात्मक अभिलेख राख्ने, घरघरमा गइ शैक्षिक हेरचाह दिने शिक्षक र परामर्शकर्मीको काम र  परिचालनको प्रबन्ध मिलाउने।

छ. बालबालिकाले पाउने छात्रवृत्ति सुविधा समय मै उपलब्ध गराउन पहल गर्ने।

### १७.अभिभावकको भूमिका

परिवारका सदस्यमा अपाङ्गता भए पनि वा नभए पनि अभिभावकको संरक्षकीय भूमिका उत्तिकै रहन्छ। तर पूर्ण र अति अशक्त प्रकृतिका अपाङ्गता भएका बालबालिकाको हकमा भने अभिभावकले बाबु आमाको मात्र भूमिका निर्वाह नगरी शिक्षक, मनो/चिकित्सक, थेरापिष्ट आदि सबैको दायित्व पूरा गर्नु पर्दछ। आफ्ना सन्तानको बारेमा चिन्ता र चासो राख्ने व्यक्ति अभिभावक बाहेक अरु कोही हुन सक्दैन। अभिभावकले आफ्नो अपाङ्गता भएका सन्तानको हेरचाह २४ घण्टा गर्नु पर्ने हुन्छ । शिक्षा, स्वास्थ्य र सूचना प्रविधिमा भएको परिवर्तनसँगै अभिभावक पनि अभ्यस्त भइ आफ्ना बालबालिकाको दैनिक क्रियाकलापलाई सहज बनाउन सक्नु पर्दछ।

क. आफ्नो परिवारमा अपाङ्गता भएका बालबालिका भएमा सो को जानकारी सम्बन्धित स्थानीय तहलाई गराउने।
ख. बालबालिकाको अपाङ्गताको प्रकार र गम्भिर्यताको पहिचान गर्न स्वास्थ्य संस्थामा सम्पर्क राख्ने।
ग. बालबालिकाले ३ वर्षको उमेर पार गरेपछी स्थानीय तहले तोकेको विद्यालयमा सम्पर्क गर्ने।
घ. स्थानीय तह वा विद्यालय वा संघसंस्थाले सञ्चालन गर्ने घरमा आधारित शिक्षा तथा हेरचाह सम्बन्धी तालिममा सक्रिय सहभागी हुने।
ङ. आफ्नो बालबालिकाको शिक्षा, स्वास्थ्य र हेरचाहका लागि विद्यालय वा स्थानीय तह वा अन्य कुनै निकायबाट आउने हेरचाह प्रदायकसँग समन्वय गरी सहयोग उपलब्ध गराउने।
च. बालबालिकाको सिकाइका लागि वैयक्तिक शैक्षिक योजना बनाउन र यसको कार्यान्वयनमा स्रोत शिक्षकलाई सहयोग गर्ने।
छ. आफ्ना बालबालिकाको स्क्रिनिङ, कार्यात्मक लेखाजोखा र स्वास्थ्य परीक्षणमा सक्रियतापूर्वक सहभागी हुने।

### १८. घरमा उपलब्ध गराइने शैक्षिक हेरचाहका न्यूनतम शर्तहरुः

जुन घरमा यो सुविधा उपलब्ध गराइने हो त्यो घर आँशिकरुपमा एउटा शिक्षालय, तालिम केन्द्र र अस्पताल सरह हो। यसका अतिरिक्त यो एउटा सानो फिजियोथेरापी कक्ष, वा व्यायामशाला वा मनोरञ्जन कक्ष समेत हो। यसले व्यक्तिको नागरिक अधिकारको सुनिश्चित गराउने प्रयत्न गर्नु पर्ने हुन्छ। त्यसैले यस प्रकारको घरमा स्रोत साधन मात्र नभएर व्यक्तिको अवस्थाको सम्बोधन गर्न ज्ञान, सिप र साधनका साथै तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिनु पर्दछ। अन्य देशहरुमा व्यावसायिक रुपमा यस प्रकारको कार्यक्रम सञ्चालन गर्नेहरुले लाईसेन्स वा अनुमति पत्र लिनु अनिवार्य छ तापनि हाम्रो देशमा यसको शुरुवात नै नभएका कारण यस कामसँग जोडिका पक्षहरुले घरमा आधारित शिक्षा सेवा प्रदान गर्दा निम्न लिखित कुराहरुलाई विचार पुऱ्याइनु पर्छ।

(क) घरमै राखेर शैक्षिक सुविधा उपलब्ध गराउँदा बालबालिकाको व्यक्तिगत सुरक्षा, स्वतन्त्रता, गोपनियता आदि जस्ता हक तथा अधिकारलाई ध्यान पुऱ्याउनु पर्छ।
(ख) कानुनले सुनिश्चित गरेका सबै सुविधाको प्राप्तीमा ध्यान पुऱ्याउनु पर्छ।
(ग) यस प्रकारको हेरचाह पूर्णरुपमा निःशुल्क हुनु पर्छ।
(घ) घरमा शिक्षा दिने विषयका विज्ञहरुसँग अभिभावक र विद्यालय नियमित सम्पर्कमा रहनु पर्छ।

(ङ) पढाउने पाठ, सिकाउने सिप र प्रयोग गराउने थेरापीको आवश्यक तयारी गर्नु पर्छ ।
(च) बालबालिकाले हासिल गरेका उपलब्धिको अभिलेखीकरण हुनु पर्छ ।
(छ) बालबालिकालाई सकेसम्मको सामाजिकीकरणको अवसर उपलब्ध गराइनु पर्छ ।
(ज) बेलाबेलामा बालबालिकाको स्वास्थ्य परीक्षण गर्नुपर्छ ।
(झ) घरमा शैक्षिक हेरचाह लिइरहेका बालबालिकालाई चिकित्सकले विद्यालयमा लैजान सकिने भनी सिफारीस गरेको खण्डमा विद्यालयमा नै लैजानु पर्ने हुन्छ ।
(ञ) खेल र मनोरञ्जनका लागि आवश्यक व्यवस्था मिलाउनु पर्छ ।
(ट) व्यावसायीक सिप सिक्ने र अभ्यास गराउने प्रबन्ध मिलाउनु पर्छ ।
(ठ) बालबालिकाको नियमित सरसफाइमा ध्यान पुऱ्याउनु पर्दछ ।
(ड) स्वस्थ्य भोजन समयमै खुवाउने सुनिश्चतता हुनु पर्दछ ।

### १९.नियमित स्वास्थ्य उपचारको व्यवस्था

पूर्ण र अति अशक्त प्रकृतिका बालबालिकाको स्वास्थ्य अवस्था सँधै जोखिमयुक्त हुने भएकोले आवश्यकतानुसार स्वास्थ्य उपचारको नियमित प्रबन्ध गर्नु पर्ने हुन्छ । चिकित्सक समेतको सल्लाहबाट यो सुविधा दिलाइने भएको हुँदा स्वास्थ्य अवस्थाका बारेमा बालबालिकाको व्यक्तिगत फाइलमा स्वास्थ्यमा देखिएको समस्या र उपचारको व्यवस्था स्पष्ट उल्लेख गरिएको हुन्छ । यस प्रकृतिका बालबालिकाको स्वास्थ्य उपचार तथा औषधिको व्यवस्था सरकारी स्वास्थ्य चौकीबाट निःशुल्क उपलब्ध हुने व्यवस्था गरिएको छ ।

### २०.वैयक्तिक शैक्षिक योजनाका माध्यमबाट सिकाइ

घरमा आधारित शिक्षामा बालबालिकाको अवस्था र आवश्यकता बालबालिका पिच्छे फरक हुने भएकाले अभिभावक र अन्य विज्ञको सहयोगमा शिक्षकले हरेक व्यक्तिको सिकाइका लागि अलग अलग पाठयोजना बनाइ सिकाउनु पर्दछ । यस प्रकारको सिकाइ व्यक्तिगत शैक्षिक योजनामा आधारित भएर गराउनु पर्दछ । व्यक्ति पिच्छेको बनाएको योजना सहयोग गर्न आउने जो कोहीले हेरेर बुझ्न सक्ने गरी बालबालिकासँगै राखिएको हुनु पर्दछ । जसका आधारमा सहयोग गर्न आउने फरक व्यक्तिले पनि यसको प्रयोग गरेर सिकाउन सकोस् । बालबालिकालाई स्रोत शिक्षकले हप्तामा न्यूनतम ४ घण्टा शिक्षा तथा विकासका क्रियाकलापहरु सञ्चालन गरेको हुनु पर्छ । यो योजनाका आधारमा स्रोत शिक्षकका रुपमा आफ्नै बाबुआमाले समेत सिकाउन सक्नेछन् । यस कार्यक्रममा बालबालिकालाई दैनिक खाँचो पूरा गरी जीवन जिउन सजिलो बनाउने सिप सिकाउने पाठको प्रयोग बढी गराउनु पर्दछ । बालबालिकाले भाषा, वातावरण (विज्ञान र सामाजिक अध्ययन) तथा गणितका साधारण ज्ञान र सिप हासिल हुने क्रियाकलाप समेत समावेश हुनु पर्नेछ ।

### २१.सहभागितामूलक सञ्चालन

शिक्षामा समतामूलक पहुँच बढाउनका लागी घरबाट विद्यालय आउन कठिनाइ हुने बालबालिकाका लागि योजना बद्धरुपमा घरमै शिक्षा तथा हेरचाहको सुविधा उपलब्ध गराइनु पर्छ । नेपालमा यो नयाँ अभ्यास भएता पनि यो एउटा अपत्यारिलो सत्य पनि भएकोले यस हेरचाहसँग जोडिएका सबै पक्षहरुले संयुक्त अभ्यासबाट कार्यक्रम सञ्चालनको तयारी गर्नु आवश्यक छ । स्थानीय तहले स्वास्थ्य संस्था, अपाङ्गताका क्षेत्रमा काम गर्ने संघसंस्था, अभिभावक,

विद्यालय, शिक्षक, चिकित्सक, मनोवैज्ञानिक, शिक्षाविद्, थेरापिस्ट, मनोपरामर्शकर्ता आदि सँगको समन्वय गरी सहयोग लिन सकेमा घरमा आधारित  शिक्षाको कार्यक्रमले अपेक्षा गरेको उद्देश्य सहजै प्राप्त हुन सक्छ । स्थानीय तहमा उपलब्ध हुन नसकेका विशेषज्ञ हेरचाहका लागि सम्बन्धित विशेषज्ञसँग अनलाइन सम्वादका माध्यम पनि प्रयोग गर्नुपर्ने हुन सक्दछ । बेलाबखतमा आवश्यकता पर्ने विज्ञसेवा लिनका लागि अभिभावकका अतिरिक्त विद्यालय, वडा कार्यालय वा नजिकको स्वास्थ्य संस्थाले समेत पहल गर्नुपर्ने हुन्छ ।

### २२.अभिभावक शिक्षा

घरमा आधारित  शिक्षा तथा हेरचाह उपलब्ध गराइएका बालबालिकाका अभिभावक यस कार्यक्रमका वास्तविक गुरू हुन् । त्यसैले  अभिभावकलाई प्राथमिकताका साथ तालिम उपलब्ध गर्नु पर्दछ । अभिभावकलाई शुरुमा प्रत्यक्ष रुपमा घरमा आधारित सेवा सम्बन्धी ५ देखी ७ दिन सम्मको तालिमको आवश्यकता पर्दछ । यस प्रकारको तालिम शैद्धान्तिक भन्दा व्यावहारिकतामा आधारित  हुनुपर्दछ । यस कार्यक्रममा जोडिने अभिभावकलाई व्यक्तिगत रुपमा परामर्श वा सचेतिकरणका लागि छोटा सरल  सिकाइ सामग्री र रेडियो कार्यक्रम समेत उत्पादन गर्नुपर्दछ ।  पूर्ण र अति अशक्त अपाङ्गता भएका बालबालिकाका बाबुआमा वा अन्य अभिभावकलाई घरमा आधारित  शिक्षाका बारेमा दिइने तालिम अनुसुचीमा उल्लेख गरिएको विषयवस्तुमा आधारित  हुनुपर्दछ ।

### २३.सचेतना कार्यक्रम

घरमा आधारित शिक्षा के हो र कसले कसरी दिने भन्ने सम्बन्धमा जनमानसमा अवगत गराउन सचेतनाका कार्यक्रमहरूको जरुरत पर्दछ । यसका साथै विभिन्न सरकारी निकायका नीति र कार्यक्रमसँग जोडिएका पदाधिकारीहरुले पनि यस विषयवस्तुलाई उचित बुझाइ राख्नु पर्ने भएकोले त्यस तहमा समेत निरन्तर चेतनात्मक कार्यक्रमको आवश्यक छ। रेडियो, पत्रपत्रिका, टेलिभिजन, छलफल सम्वाद, हातेपुस्तिका र पर्चा तथा पोष्टरका माध्यमबाट घरमा आधारित  शिक्षाका बारेमा जनसाधारणमा सचेतना जगाइनु पर्दछ ।

### २४.प्रारम्भिक पहिचान गर्ने विधि

घरमा आधारित शिक्षा आवश्यक पर्ने पूर्ण र अति अशक्त प्रकृतिको अपाङ्गता भएका बालबालिकाको पहिचान बालबालिकाको आमा बाबु, चिकित्सक, शिक्षाकर्मी समेतको संयुक्त प्रयासमा गरिन्छ । चिकित्सकीय विधिका अतिरिक्त Washington Group of Questionnaire (WGQ) को Child Functioning Model  (CFM) समेत प्रयोग गरी बालबालिकाहरुको प्रारम्भिक पहिचान गर्नु पर्दछ । यसरी प्राप्त प्रतिवेदनलाई सार्वजनिक गरिने छैन तर थप खोजका लागि उपयोग गर्ने औजारका रुपमा प्रयोग गरिनेछ । यस प्रयोजनका लागि तयार पारिएको प्रश्नावली अनुसूचीमा उल्लेख गरीएको छ ।

### २५.पाठ्यक्रम

बालबालिकाका लागि प्रारम्भिक बालविकास (Early-Childhood Development) र आधारभूत तहका साना कक्षाहरु, विशेष गरी कक्षा १-३ मा प्रयोग भएका पाठ्यक्रमका आधारमा अवस्था र क्षमता सुहाउँदो हुने गरी अनुकुलन गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । घरमा आधारित शिक्षाको प्रयोग विविधतायुक्त सामग्रीमा केन्द्रित भएर

निर्माण गर्नु पर्दछ । यसका लागि शिक्षक तालिमको पाठ्यक्रम र अभिभावक शिक्षाको तालिमको पाठ्यक्रम भने अलग्गै अनुकुलन गर्न सकिने स्वरूपको हुनु पर्दछ । हाल यस प्रकारको तालिम गैर सरकारी निकायले सञ्चालन गरेको भए तापनी पाठ्यक्रम बनाउने जिम्मेवारी शिक्षा तथा मानवस्रोत विकास केन्द्रको तालिम शाखाको समन्वयमा स्थानीय सरकार वा प्रदेश सरकारले गर्नुपर्दछ । पाठ्यक्रमका मूल विषयवस्तु अनुसूचीमा उल्लेख गरिएको छ ।

### २६.घरमा आधारित शिक्षाका लागि स्रोत शिक्षकको योग्यता तथा क्षमता

अति संवेदनशिल अवस्थाका बालबालिकालाई उनिहरुको घरमै आएर शिक्षा र अन्य सहयोग गर्नु पर्ने भएकोले यस कार्यमा सहभागी हुने स्रोत शिक्षकमा कामको प्रकृति बमोजिमको सिप र ज्ञान हुनु जरुरी छ । यस्तो सेवा दिने स्रोत शिक्षकको योग्यता तथा क्षमता तल उल्लेख गरिए अनुसार हुनु आवश्क छ ।

(क) शिक्षकमा साधारण शिक्षा, समावेशी शिक्षा, अपाङ्गता पहिचान, कार्यात्मक परीक्षण, वैयक्तिक शैक्षिक योजना, सहायक सामग्रीहरु, व्यायाम तथा मनोरञ्जनका साधन तथा उपायहरु, सञ्चार तथा समन्वय सिप र विभिन्न प्रकारका थेरापीका बारेमा साधारण जानकारी भएको हुनु पर्दछ ।

(ख) यस प्रकृतिको हेरचाहमा बालबालिकाको शरीर, लुगाफाटा, खाना, सहायक सामग्री, खेल तथा मनोरञ्जनका सामग्री आफैँले चलाउनु पर्ने भएकोले काम सम्बन्धी ज्ञानले मात्र नपुगी सिप र भावनात्मक पक्षको समेत जरुरत पर्दछ ।

(ग) समर्थनात्मक तथा वैकल्पिक सञ्चार (Augmentative and alternative communication) सँग सम्बन्धित सिपको प्रयोग गर्न जानी आधारभूत तहका शिक्षकका लागि तोकिएको शिक्षाशास्त्रको औपचारिक योग्यताका अतिरिक्त समावेशी शिक्षा पढेका र त्यस्तो जनशक्ति नभएमा मात्र अति अशक्त अपाङ्गता भएका बालबालिकाहरुको सिकाइ तथा विकासका बारेमा तालिम लिएको हुनु पर्दछ ।

(घ) स्रोत शिक्षकले घर परिवारका सदस्यका अतिरिक्त विद्यालय, स्वास्थ्यकर्मी, समुदायका व्यक्तिहरु, शिक्षाविद्, पेशा तथा व्यवसायका व्यक्तिहरु र सरकारी तथा गैह्रसरकारी निकायहरुसँग सुमधुर सम्बन्ध राख्नु पर्दछ ।

(ङ) उनले कामको अभिलेख र उपलब्धिको प्रतिवेदन गर्नका लागि व्यवस्थापन सिपको पनि जरुरत पर्दछ ।

(च) स्रोत शिक्षकको महत्वपूर्ण पक्ष भनेको अपाङ्गता, शिक्षा, मानव अधिकार, स्वास्थ्य शिक्षा लगायतका बिषयवस्तुमा जोडिएका कानुन तथा विषयवस्तुमा ज्ञान भएको हुनु पर्दछ ।

(छ) उनले आफ्नो काममा खुशी हुँदै अभिभावक र बालबालिकासँग नरिसाइकन काम गर्नु पर्दछ ।

(ज) बालबालिकाको घरपरिवारमा बोलिने मातृभाषामा सञ्चार गर्ने खुबी राख्नु पर्दछ ।

(झ) पाठ्यक्रम अनुकुलनको अभ्यास गर्न राम्रो जानेको हुनु पर्दछ ।

### २७.घरमा आधारित शिक्षा तथा हेरचाह सञ्चालन गरिने स्थानको गुणस्तर

सबै घरको पूर्वाधार सुधार गरेर मात्र यो कार्यक्रम सञ्चालन गर्न सकिँदैन तर पूर्ण र अति अशक्त प्रकृतिका बालबालिकाका लागि शिक्षा तथा विकासको लागी यस्तो प्रकारको कार्यक्रम सञ्चालन गर्दा विद्यमान अवस्थामा केही सुधार भने गर्नु पर्ने हुन्छ । आर्थिक रुपमा विपन्न परिवारमा पनि यो कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन सक्छ । यसरी बालबालिकालाई राख्दा सुरक्षित, स्वच्छ, सफा, उज्यालो आउने दोहोरो हावा चल्ने, रोग संक्रमणबाट बच्न सक्ने, पानी र शौचालयको सुविधा

भएको, शान्त र आगन्तुक बस्ने व्यवस्था भएको स्थान हुनु पर्दछ। त्यस्तै गरी सिकाइ, खेल तथा मनोरञ्जन र व्यावसायिक सिप विकासका लागि समेत सामग्री राख्ने र क्रियाकलाप सञ्चालन गर्ने पर्याप्त स्थान भने हुनु पर्दछ।

### २८. उच्च शिक्षा प्रदायक निकाय र घरमा आधारित शिक्षा

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा घरमा आधारित शिक्षाको आवश्यकता र प्रयोगका बारेमा देशका विभिन्न विश्वविद्यालयहरुमा अध्ययन, अध्यापन र अनुसन्धानका कामहरु भएमा यसको सही प्रयोग हुनुका साथै स्रोतको सदुपयोग र सान्दर्भिक परिमार्जन हुन जाने निश्चित छ।

### २९. मानव सेवा आश्रम लगायतका परोपकारी संस्थाहरुले घरमा आधारित शिक्षाका कार्यक्रम सञ्चालन गर्न सक्ने

कतिपय बालबालिकाहरुको आफ्नो घरपरिवार हुँदैन। परिवारमा स्याहार संभार गर्ने कोही व्यक्ति नहुँदा जीवन र मृत्युको दोधारमा रहेका हुन सक्छन्। यस्तो अवस्थामा पनि अति अशक्त अपाङ्गता, पूर्ण अशक्त अपाङ्गता र जटिल प्रकृतिका अन्य अपाङ्गताको उपस्थिति हुन सक्छ। यस्तो अवस्थामा कुनै परोपकारी संस्थाले यो सेवाको आवश्यकता पर्ने बालबालिकाका लागि घरमा आधारित सेवाको प्रबन्धका लागि स्थानीय तहको वडा कार्यालय र निकटतम विद्यालयसँगको समन्वयमा तोकिएको गुणस्तर कायम राखी सेवा उपलब्ध गराउन सक्छन्।

## अनुसूचीहरु

### अनुसूची १ - पाठ्यक्रमका विषयवस्तु

| क्र सं | विषयवस्तु | विस्तृतीकरण |
|---|---|---|
| १ | अति अशक्त र पूर्ण अशक्त प्रकृतिका अपाङ्गताको परिचय | • प्रकार,<br>• कारण,<br>• असर,<br>• सावधानी |
| २ | बालबालिकामा अपाङ्गताको पहिचान (Screening) | • अपाङ्गताको पहिचान,<br>• गाम्भिर्यता वा अवस्थाको पहिचान,<br>• अर्थ,<br>• महत्व,<br>• विधि,<br>• स्क्रिनरको भूमिका |
| ३ | कार्यात्मक परीक्षण | • अर्थ,<br>• उद्देश्य,<br>• उपयोगिता,<br>• विधि |
| ४ | सञ्चार र सामाजिक सिप | • अर्थ,<br>• महत्व<br>• उद्देश्य<br>• तत्वहरु,<br>• ईन्द्रिय,<br>• सञ्चारका स्वरुपहरु,<br>• प्रकारहरु<br>• गैर प्रतिकात्मक सञ्चार विधि<br>• प्रतिकात्मक सञ्चार विधि |
| ५ | दैनिक जिवनयापनका क्रियाकलापहरु | • परिचय<br>• मुख्य उद्देश्य |

| | | |
|---|---|---|
| | | • शौचालयको प्रयोग,<br>• नुहाउने,<br>• दाँत माझ्ने र<br>• खाना खाने<br>• अन्य |
| ६ | वैयक्तिक शैक्षिक योजना | • अर्थ,<br>• महत्व,<br>• उद्देश्य,<br>• चरण<br>• निर्माण<br>• प्रयोग |
| ७ | सिकाइ र सिकाइ प्रक्रिया | • अर्थ,<br>• उद्देश्य<br>• महत्व,<br>• सामग्री,<br>• सामग्रीका प्रकारहरु,<br>• सिकाइ रणनीतिहरु |
| ८ | अभिमुखीकरण र गमनशिलता | • परिचय,<br>• उद्देश्य<br>• महत्व,<br>• घर भित्र गरिने अभिमुखीकरण र गमनशिलता<br>• घरको कम्पाउण्ड भित्र गरिने अभिमुखीकरण र गमनशिलता<br>• घर नजिकैको छिमेकमा गरिने अभिमुखीकरण र गमनशिलता<br>• निर्देशित क्षेत्रको पहिचान,<br>• सिप,<br>• प्रशिक्षकको भूमिका, |

| | | |
|---|---|---|
| | | • उपयुक्त वातावरणको पहिचान र<br>• तरीकाहरु |
| ९ | खेल तथा मनोरञ्जनः | • परिचय<br>• उद्देश्य,<br>• विधि,<br>• स्थुल माशंपेशीय सिप (Gross motor skills)<br>• सुक्ष्म माशंपेसिय सिप (Fine Motor Skills)<br>• खेल सम्बन्धी क्रियाकलापहरु<br>• सावधानी |
| १० | धारणात्मक सिप (Perceptual skill) | • परिचय<br>• उद्देश्य<br>• दृष्यात्मक धारणा (visual perception),<br>• श्रवण धारणा (auditory perception),<br>• स्पर्शबाट हुने धारणा (tactile perception),<br>• गन्ध वा बास्नाबाट हुने धारणा (olfactory perception),<br>• स्वादबाट हुने (Gustatory),<br>• खाली ठाउँमा शरीरको अवस्थाबाट बनाइने धारणा (body positioning in space) |
| ११ | क्यालेण्डर प्रणालीः | • अर्थ,<br>• महत्व,<br>• प्रयोग |
| १२ | सहायक प्रविधिः | • अर्थ,<br>• उपयोगिता,<br>• प्रकार,<br>• प्रयोग |

## अनुसूची २

यो प्रश्नावली वासिङ्टन समूह/युनिसेफद्वारा सन् २०२२ मा तयार गरिएको मोड्युलको नेपाली अनुवाद हो ।

बालबालिकाहरूको कार्यगत सीमितताको
प्रारम्भिक पहिचान प्रश्नावली
(२ देखि ४ वर्ष उमेरसमूह)

| सि.न. | विषय वा प्रश्न | विवरण र प्रतिक्रिया | Question Skip Logic |
|---|---|---|---|
| **दृष्टि सम्बन्धी** | | | |
| **CF1.** | के (नाम) ले चस्मा लगाउँछन् ? | १. लगाउँछन्<br>२. लगाउँदैनन् | ⇨CF3 |
| **CF2.** | के (नाम) लाई चस्मा लगाउँदा पनि देख्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै देख्दैनन् | १⇨CF4<br>२⇨CF4<br>३⇨CF4<br>४⇨CF4 |
| **CF3.** | के (नाम) लाई देख्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै देख्दैनन् | |
| **सुनाइ सम्बन्धी** | | | |
| **CF4**. | के (नाम) ले सुन्न सहयोग गर्ने यन्त्र (हियरिङ एड) प्रयोग गर्छन्? | १. गर्छन्<br>२. गर्दैनन् | २⇨CF6 |
| **CF5.** | के (नाम) लाई सुन्न सहयोग गर्ने यन्त्र (हियरिङ एड) लगाउँदा पनि मानिसका आवाज वा गीतसङ्गीत जस्ता आवाज सुन्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सुन्दैनन् | १⇨CF7<br>२⇨CF7<br>३⇨CF7<br>४⇨CF7 |
| **CF6.** | के (नाम) लाई मानिसका आवाज वा गीतसङ्गीत जस्ता आवाज सुन्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सुन्दैनन् | |
| **हिँडडूल सम्बन्धी (मोबिलिटी)** | | | |
| **CF7.** | के (नाम) ले हिँड्नका लागि कुनै सहायक सामग्री वा कसैको सहयोग लिन्छन्? | १. लिन्छन्<br>२. लिँदैनन् | २⇨CF10 |

| | | | |
|---|---|---|---|
| **CF8**. | के (नाम) लाई कुनै सहायक सामग्री तथा कसैको सहयोगविना हिँड्न कठिनाइ छ? | २. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | |
| **CF9**. | के (नाम) लाई कुनै सहायक सामग्री तथा कसैको सहयोग लिँदा पनि हिँड्न कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | १⇨CF11<br>२⇨CF11<br>३⇨CF11<br>४⇨CF11 |
| **CF10**. | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा हिँड्न कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिँड्न सक्दैनन् | |
| | **सूक्ष्मकार्य सम्बन्धी सिप** | | |
| **CF11.** | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा स-साना चिजहरू हातले उठाउन कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सक्दैनन् | |
| | **सञ्चार र बोध सम्बन्धी** | | |
| **CF12.** | के (नाम) लाई तपाईँले भनेको कुरा बुझ्न कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै बुझ्दैनन् | |
| **CF13.** | के (नाम) ले बोलेको कुरा बुझ्नमा तपाईँलाई कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै बुझ्दैनन् | |
| | **सिकाइ सम्बन्धी** | | |
| **CF14.** | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा विभिन्न कुरा सिक्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सिक्दैनन् | |
| | **खेल सम्बन्धी** | | |
| **CF15.** | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा खेल्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ | |

| | | | |
|---|---|---|---|
| | | ३. धेरै कठिनाइ छ<br>४. पटक्कै खेल्दैनन् | |
| **व्यवहार नियन्त्रण सम्बन्धी** | | | |
| **CF16.** | के (नाम) ले उही उमेरसमूहका बालबालिकाको तुलनामा अन्य बालबालिका वा व्यक्तिलाई कत्तिको पिट्ने, टोक्ने, चिमोट्ने गर्छन्? | १. कत्ति पनि गर्दैनन्<br>२. अरुले जत्तिकै वा कम गर्छन्<br>३. धेरै गर्छन्<br>४. एकदम धेरै गर्छन् | |

बालबालिकाहरूको कार्यगत सीमितताको प्रारम्भिक पहिचान प्रश्नावली
(५ देखि १७ वर्ष उमेर समूह)

म तपाईँको बालक/बालिकामा हुन सक्ने कठिनाइहरूका बारेमा केही प्रश्नहरू सोध्न चाहन्छु ।

| सि.न. | **विषय वा प्रश्न** | **विवरण र प्रतिक्रिया** | **Question Skip Logic** |
|---|---|---|---|
| **दृष्टि सम्बन्धी** | | | |
| **CF1.** | के (नाम) ले हेर्नका लागि चस्मा वा कन्ट्याक्ट लेन्स लगाउँछन्? | १. लगाउँछन्<br>२. लगाउँदैनन् | ⇨CF3 |
| **CF2.** | के (नाम) लाई चस्मा वा कन्ट्याक्ट लेन्स लगाउँदा पनि देख्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै देख्दैनन् | १⇨CF4<br>२⇨CF4<br>३⇨CF4<br>४⇨CF4 |
| **CF3.** | के (नाम) लाई देख्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै देख्दैनन् | |
| **सुनाइ सम्बन्धी** | | | |
| **CF4.** | के (नाम) ले सुन्न सहयोग गर्ने यन्त्र (हियरिङ एड) प्रयोग गर्छन्? | १. गर्छन्<br>२. गर्दैनन् | २⇨CF6 |
| **CF5.** | के (नाम) लाई सुन्न सहयोग गर्ने यन्त्र (हियरिङ एड) लगाउँदा पनि मानिसका आवाज वा गीतसङ्गीत जस्ता आवाज सुन्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सुन्दैनन् | १⇨CF7<br>२⇨CF7<br>३⇨CF7<br>४⇨CF7 |
| **CF6.** | के (नाम) लाई मानिसका आवाज वा गीतसङ्गीत जस्ता आवाज सुन्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ | |

| | | | |
|---|---|---|---|
| | | ३. धेरै कठिनाइ छ<br>४. पटक्कै सुन्दैनन् | |
| **हिंडडुल सम्बन्धी (मोबिलिटी)** | | | |
| **CF7.** | के (नाम) ले हिंड्नका लागि कुनै सहायक सामग्री वा कसैको सहयोग लिन्छन्? | १. लिन्छन्<br>२. लिँदैनन् | २⇨CF12 |
| **CF8.** | के (नाम) लाई कुनै प्रकारको उपकरण वा सहयोगविना समतल ठाउँमा १०० मिटर (अन्दाजी १४० पाइला) जति हिंड्नमा कठिनाइ छ? | २. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिंड्न सक्दैनन् | ३⇨CF10<br>४⇨CF10 |
| **CF9.** | के (नाम) लाई कुनै प्रकारको उपकरण वा सहयोगविना समतल ठाउँमा ५०० मिटर (अन्दाजी ७०० पाइला) जति हिंड्नमा कठिनाइ छ? | २. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिंड्न सक्दैनन् | |
| **CF10.** | के (नाम) लाई सहायक सामग्री तथा सहयोगसहित समतल ठाउँमा १०० मिटर (अन्दाजी १४० पाइला) हिंड्न कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिंड्न सक्दैनन् | ३⇨CF14<br>४⇨CF14 |
| **CF11.** | के (नाम) लाई सहायक सामग्री तथा सहयोगसहित समतल ठाउँमा ५०० मिटर (अन्दाजी ७०० पाइला) हिंड्न कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिंड्न सक्दैनन् | १⇨CF14<br>२⇨CF14<br>३⇨CF14<br>४⇨CF14 |
| **CF12.** | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा समतल ठाउँमा १०० मिटर (अन्दाजी १४० पाइला) हिंड्न कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिंड्न सक्दैनन् | ३⇨CF14<br>४⇨CF14 |
| **CF13.** | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा समतल ठाउँमा ५०० मिटर (अन्दाजी ७०० पाइला) हिंड्न कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै हिंड्न सक्दैनन् | |
| **स्वहेरचाह सम्बन्धी** | | | |
| **CF14.** | के (नाम) लाई आफैँ खानेकुरा खाने र कपडा लगाउने जस्ता स्वहेरचाहका कार्यमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै गर्न सक्दैनन् | |

| सञ्चार र बोध सम्बन्धी | | | |
|---|---|---|---|
| **CF15.** | के (नाम) ले बोलेका कुरा घरपरिवारका सदस्यहरूलाई बुझ्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै बुझ्दैनन् | |
| **CF16.** | के (नाम) ले बोलेको कुरा घरपरिवारभन्दा बाहिरका मानिसहरूलाई बुझ्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै बुझ्दैनन् | |
| **सिकाइ सम्बन्धी** | | | |
| **CF17.** | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा नयाँ कुरा सिक्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सक्दैनन् | |
| **स्मरण सम्बन्धी** | | | |
| **CF18.** | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा कुनै कुराहरू सम्झन कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै सम्झिदैनन् | |
| **एकाग्रता सम्बन्धी** | | | |
| **CF19.** | के (नाम) लाई आफूले गर्न रमाउने (रूचाउने) काममा ध्यानकेन्द्रित गर्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै ध्यान केन्द्रित गर्दैनन् | |
| **परिवर्तन स्वीकार्ने सम्बन्धी** | | | |
| **CF20.** | के (नाम) लाई आफ्नो दैनिक कार्यतालिकामा हुने परिवर्तनलाई स्वीकार गर्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै स्वीकार गर्दैनन् | |
| **व्यवहार नियन्त्रण सम्बन्धी** | | | |
| **CF21.** | के (नाम) लाई उही उमेरसमूहका बालबालिकाको तुलनामा आफ्नो व्यवहार नियन्त्रण -जस्तै- आफूले आफैँलाई चिथोर्ने) गर्नमा कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै नियन्त्रण गर्दैनन् | |

| साथी बनाउने सम्बन्धी | | | |
|---|---|---|---|
| **CF22.** | के (नाम) लाई साथी बनाउन कठिनाइ छ? | १. कठिनाइ छैन<br>२. केही कठिनाइ छ<br>३. धेरै कठिनाइ छ<br>४. पटक्कै बनाउँदैनन् | |
| **चिन्ता सम्बन्धी** | | | |
| **CF23.** | (नाम) कत्तिको हतोत्साहित हुने, आत्तिने वा चिन्तित हुने गर्दछन्? | १. दैनिक<br>२. साप्ताहिक<br>३. मासिक<br>४. वर्षमा केही पटक<br>५. कहिल्यै पनि हुँदैनन् | |
| **CF24.** | (नाम) कत्तिको बढी दु:खी वा निराश देखिन्छन् ? | १. दैनिक<br>२. साप्ताहिक<br>३. मासिक<br>४. वर्षमा केही पटक<br>५. कहिल्यै पनि हुँदैनन् | |

## अनुसूची ३

| FUNCTIONAL ASSESSMENT CHECKLIST<br>कार्यात्मक मूल्याङ्कन रुजुसुची : | | |
|---|---|---|
| Name: नाम: | | |
| DOB जन्ममिति: | | |
| Age: उमेर: | | लिङ्गः |
| Address: ठेगाना: | जिल्ला ……………………...… पालिका………………………… | |
| वार्ड…………… टोल……………………… | | |
| प्रकृतिको आधारमा अपांगता परिचयपत्रको किसिम | ……………………………… | गम्भीरताको आधारमा अपांगता परिचय-पत्रको किसिमः …………………………<br>वर्गः……………………………… |
| स्किनिङमा (WGQ- CFM) पहिचान गरेको कार्यात्मक कठिनाइ | | |
| अभिभावकको नाम | | |
| अभिभावकको शैक्षिक योग्यता | | |
| अभिभावकको पेशा | | |
| अभिभावक वा हेरचाह गर्ने व्यक्तिको फोन न. | | |
| परिवारका अन्य सदस्यमा अपांगता छ, छैन | | |
| यदि छ भने अपाङ्गताको संख्या र प्रकार | | |
| परिक्षण गर्ने व्यक्तिको नाम | | |
| परिक्षण गर्ने व्यक्तिको संस्था | | |
| परिक्षण गर्ने व्यक्तिको सम्पर्क नम्बर | | |

| | |
|---|---|
| परिक्षण गर्ने व्यक्तिको पद | |
| परिक्षण गरिएको मिति | |
| **Performance Key:** कार्यदक्षताको तह: | |
| No difficulty = कठिनाई छैन = ४ | |
| Independent (आफै कार्य गर्न सकेमा) = 4 | |
| Some difficulty = केहि मात्रामा कठिनाई छ = ३ | |
| With Minimal Physical / verbal clues (शारिरिक संकेत वा मौखिक आदेश) = 3 | |
| A lot of difficulty = धेरै मात्रामा कठिनाई = २ | |
| Partial Physical / Verbal support (आंशिक शारिरीक वा मौखिक सहयोग) = 2 | |
| Cannot do at all = केहि गर्न सक्दैन = १ | |
| Dependent (अरूको पूर्ण सहयोग) = 1 | |
| Not applicable- NA*(*Write 'NA', for skill/activities not applicable) NA * लागू नहुने सीप/क्रियाकलापहरुको लागी लेख्नुहोस) | |

| Sr. No.<br>क्र. स. | Skill/Activities<br>सीप /क्रियाकलापहरु | **Current Performance Level<br>हालको कार्यदक्षताको तह** | | | | |
|---|---|---|---|---|---|---|
| | | **१** | **२** | **३** | **४** | **NA<br>लागु हुन नसक्ने** |
| **A. Physical and Motor (area covers - Fine & Gross Motor, Orientation and Mobility Skills (O&M) Maximum score - 72<br>क. शारिरीक र क्रियात्मक (समाबेश गरिएका क्षेत्र : सुक्ष्म र स्थूल (Fine & Gross Motor, मांशपेशी र अभिमुखिकरण र गमनसिलता सीप) अधिक्तम स्कोर : ७२** | | | | | | |
| १ | बसेको वा उभिएको अवस्थामा टाउको ठाडो राख्न सक्छ। | | | | | |
| २ | बस्न सक्छ। | | | | | |
| ३ | उभिन सक्छ। | | | | | |
| ४ | ५ फिट हिड्न सक्छ। (लेग ब्रेस वा बैसाखीको प्रयोग गरेर) | | | | | |
| ५ | सिँढी चढ्दा र झर्दा प्रत्येक खुड्किलामा खुट्टा पालैपालो राखेर हिंड्न सक्छ। (पर्खाल वा रेलिङको सहायता लिएर) | | | | | |
| ६ | १५ मिनेटको अवधी सम्म लगातार हिड्न सक्छ (सहायक सामग्रीको प्रयोग गरेर वा नगरी) | | | | | |
| ७ | बुढी औंला र अन्य औंलाहरू प्रयोग गरेर स साना वस्तुहरू उठाउन सक्छ (जस्तै: ससाना गेडागुडी, पेन्सिल, वालुवा, टाँक) | | | | | |
| ८ | हत्केलाको प्रयोग गरेर सामान समात्न सक्छ। | | | | | |
| ९ | एक हातबाट अर्को हातमा सामान सार्न सक्छ। | | | | | |
| १० | अरूले फालेको बल समात्न सक्छ। (१ फिटमा मात्र) | | | | | |
| ११ | आफुले अरुलाई  बल फाल्न सक्छ। (१ फिटमा मात्र) | | | | | |
| १२ | बोतलको बिर्को खोल्न सक्छ | | | | | |
| १३ | डोरीमा माला उन्न सक्छ (१.५ इन्चको) | | | | | |
| १४ | पुस्तकको पाना पल्टाउन सक्छ। | | | | | |
| १५ | कैंचीको प्रयोग गर्न सक्छ। | | | | | |
| १६ | ढोका खोल्न सक्छ (ढोकाको ह्यान्डल वा चुकुल  प्रयोग गरेर) | | | | | |
| १७ | परिचित वातावरणमा एक ठाउँबाट अर्को ठाउँ आउन जान सक्छन  (बाहिरी/ भित्री जस्तै - खाना खाने ठाउँ शौचालय, खेल्ने ठाउँ, सुत्ने कोठा आदि) | | | | | |
| १८ | अपरिचित वातावरणमा एक ठाउँबाट अर्को ठाउँ आउन जान सक्छन (बाहिरी/ भित्री जस्तै - खाना खाने ठाउँ शौचालय, खेल्ने ठाउँ, सुत्ने कोठा आदि) | | | | | |
| | **Total जम्मा** | | | | | |
| **B. Cognitive Skills (area covers Perception & Cognition and Sensory Abilities): Maximum score- 68<br>ख. संज्ञानात्मक सिप ( समेटिएको क्षेत्र: धारणा, अनुभुती र इन्द्रिय सम्बन्धी क्षमता) अधिक्तम स्कोर : ६८** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | बाह्य दृश्यात्मक उद्धिपकहरुमा कुनै प्रतिक्रियाहरु दिन सक्छ। (उदाहरणको लागी उज्यालो बत्ती वा सुर्यको प्रकाशमा) | | | | | |
| २ | दृष्टि प्रयोग गरेर कुनै चिज वा वस्तुहरू हेर्न/खोज्न सक्छ। | | | | | |
| ३ | चस्मा वा लेन्सको प्रयोग गरेर वा नगरेर पनि २० फिटको दुरीबाट हातको औँला छुट्याउन सक्छ। | | | | | |
| ४ | ठूलो आकारको बस्तु ५ फिट नजिकबाट छुट्याउन सक्छ। | | | | | |
| ५ | बाह्य आवाज युक्त उद्धिपकहरुमा कुनै प्रतिक्रियाहरु दिन सक्छ। (उदाहरण नामले बोलाउदा, पछाडीबाट आवाज दिएर वा मनपर्ने चिजको आवाज दिएर) | | | | | |
| ६ | ठूलो स्वरमा बोलेको सुन्न सक्छ। | | | | | |
| ७ | श्रवण यन्त्रको प्रयोग गरेर वा नगरेर राम्रोसँग आबाज सुन्न सक्छ। | | | | | |
| ८ | परिवारका सदस्यहरूको आवाज पहिचान गर्न सक्छ। (आमाबुवा, दाजुभाइ, दिदीबहिनी आदि) | | | | | |
| ९ | हप्ताका बारहरूको नाम भन्न वा संकेत गर्न सक्दछ। | | | | | |
| १० | महिनाहरुको नाम भन्न वा संकेत गर्न सक्दछ। | | | | | |
| ११ | शरीरका विभिन्न भागहरूको नाम संकेत गर्न सक्छ। | | | | | |
| १२ | शरीरका विभिन्न भागहरूको कार्यहरूको संकेत गर्न सक्छ। | | | | | |
| १३ | फरक फरक आकारका वस्तुहरू फरकफरक ठाँउमा राख्न सक्छ। | | | | | |
| १४ | फरक फरक आकृतिका वस्तुलाई फरक फरक ठाँउमा राख्न सक्छ। | | | | | |
| १५ | विभिन्न ईन्द्रिय मार्फत दिनको उपयुक्त मौसमको बारेमा जानकारी दिन सक्छ। (जस्तै: पानिपरेको, बादल लागेको, घाँमलागेको (भनेर/सङ्केत/क्रिया वा अन्य) | | | | | |
| १६ | सामान खरिद गर्दा पैसा चाहिन्छ भन्ने बुझ्छन्। | | | | | |
| १७ | दैनिक समयतालिका बुझी सोहि अनुसार आफ्नो दैनिक क्रियाकलाप गर्न सक्छ। (बिहान, दिउँसो र साँझ गर्ने गतिविधिहरू) | | | | | |
| | **Total जम्मा** | | | | | |
| **C.** | **Socio-Emotional and ethical development (area covers - Personal Care, Grooming, Personal Hygiene, Safety, Independent Living area, Social Skills, Sex Education, Behavioral)** | | | | | |
| **ग.** | **सामाजिक, भावनात्मक र नैतिक विकास (समाबेश क्षेत्र : व्यक्तिगत हेरचाह, पहिरन तथा श्रिंगार , व्यक्तिगत सरसफाई, सुरक्षा, स्वतन्त्र बसोबासको क्षेत्र, सामाजिक सीप, यौन शिक्षा, व्यवहार) अधिक्तम स्कोर : १००** **Maximum score: 100** | | | | | |
| १ | मौखिक वा इशाराहरूको प्रयोग गरेर शौचालय जाने आवश्यकता जानकारी गराउन सक्छ। | | | | | |
| २ | शौचालय प्रयोग गर्ने समयमा आफैले बटन/लुगा/ चेन खोल्न सक्छ ( बटन लगाएको अवस्थामा / इलास्टिक भएको पेन्ट तान्न सक्छ) | | | | | |
| ३ | शौचालयको प्रयोग गरेपछि दिसा धुन सक्छ | | | | | |
| ४ | हात धुन सक्छ | | | | | |
| ५ | नुहाउँन सक्छ | | | | | |
| ६ | जुत्ता खोल्न सक्छ | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | मोजा खोल्न सक्छ | | | | | |
| ८ | मोजा लगाउन सक्छ | | | | | |
| ९ | जुत्ता लगाउन सक्छ | | | | | |
| १० | हात वा चम्चाको प्रयोग गरेर पुरा खाना खान सक्छ | | | | | |
| ११ | खाना खाँदा एकै ठाँउमा बसेर खान्छन् । | | | | | |
| १२ | गिलास आफै समातेर पानी पिउन सक्छन् । | | | | | |
| १३ | नाक र मुख पुछ्न/ सफा गर्न सक्छ | | | | | |
| १४ | असुरक्षित तथा हानी पुर्याउने सामग्रीहरुको बारेमा बुझेको छ (जस्तै: स्टोभ, आगो, चक्कु, बिजुली सकेट आदिको) | | | | | |
| १५ | लुगा पट्याउन सक्छ | | | | | |
| १६ | कपडा लगाउदा र शौचालय प्रयोग गर्नु अघि आफ्नो गोपनियता र सुरक्षाको लागी ढोका बन्द गर्न सक्छ | | | | | |
| १७ | दाजुभाइ, दिदिबहिनी र परिवारका सदस्यहरू सँग मिलेर खेल्न सक्छ | | | | | |
| १८ | साथिहरू सँग मिलेर खेल्न सक्छ | | | | | |
| १९ | परिचित व्यक्तिहरूलाइ अभिवादन गर्न सक्छ | | | | | |
| २० | सार्वजनिक रुपमा स्वीकार्य व्यवहार प्रदर्शन गर्दछ (जस्तै: नाङ्गो नहिड्ने, आफ्नो योनाङ्ग नदेखाउने) | | | | | |
| २१ | आफैलाई हानी गर्ने व्यवहार देखाउदैन । (कोट्याउने,   चिमाट्ने, टोक्ने) | | | | | |
| २२ | अन्य व्यक्तिहरूले कुराकानी गरी रहेको समयमा चिच्याएर, जिस्क्याएर, गाली गरेर बाधा पुर्याउँदैन | | | | | |
| २३ | सुरक्षित तथा अपेक्षित वस्तुहरू खेल्ने वा चलाउने गर्छन (जस्तै खेलौना  आदि) | | | | | |
| २४ | आफ्नो गोप्य अंग (दुबै लिङ्ग) को बारेमा सचेत छ | | | | | |
| २५ | घरायसी क्रियाकलापहरुमा सहयोग गर्न सक्छ  (तरकारी काट्ने, भाँडाकुँडा धुने, लुगा धुने र सुकाउने आदि) | | | | | |
| | **Total जम्मा** | | | | | |
| **D.** | **Cultural / artistic development (area covers Leisure & recreation and Pre – Vocational Skills) Maximum score: 40**<br>**घ. सांस्कृतिक र कलात्मक विकास (समाबेश गरीएको क्षेत्रहरु- फुर्सदको समयमा मनोरञ्जन र पूर्व व्यावसायीक सीपहरु) स्कोर : ४०** | | | | | |
| १ | टि.भी हेरेर / संगीत सुनेर रमाउन सक्छ | | | | | |
| २ | स्वतन्त्र रुपमा वा परिवारको सदस्य संग कला तथा हस्तकला (craft activities) सम्बन्धी गतिविधिहरू गर्न सक्छ | | | | | |
| ३ | साधारण नियमहरू पालना गरेर भाइबहिनीहरू वा अन्य परिचित व्यक्तिसँग घर भित्र (indoor) खेलिने खेलहरु खेल्न सक्छ (जस्तै कैरमबोर्ड, चेस, भाडाकुटि, लुडो आदि) | | | | | |
| ४ | गाएर वा नाचेर रमाउन सक्छ | | | | | |
| ५ | घर बाहिर गरिने क्रियाकलापहरुमा रमाउन सक्छ (हिड्ने र खेल्ने) | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | करेसावारी वा बगैँचामा गरिने कार्यहरुमा संलग्न हुन सक्छ (पानी हाल्ने, गोडमेल गर्न, विरूवा लगाउन, खन्न) | | | | | |
| ७ | पेय पदार्थहरू तयार गर्न सक्छन् (सरवत, चिनिपानी/ कागती,....) | | | | | |
| ८ | तरकारी र अन्य खाद्यबस्तुहरू छुट्टयाउन सक्छ (तरकारी, चामल, गेडागुडी, विस्कुट आदि) | | | | | |
| ९ | दिइएको काम तोकिएको समयमै पूरा गर्न सक्छ। | | | | | |
| १० | दिईएको निर्देशनहरू पालना गरेर समुहमा काम गर्न सक्छ। | | | | | |
| | **Total जम्मा** | | | | | |
| **E.** | **Communication and language (area covers - Receptive and Expressive communication)<br>Maximum score: 44** | | | | | |
| **ङ.** | **संचार र भाषा (समाबेस क्षेत्रहरु : (ग्रहणत्मक र व्यक्तात्मक संचार )<br>अधिक्तम स्कोर : ४४** | | | | | |
| १ | नामले बोलाउदा आफ्नो नाम बुझ्न सक्छ (सुनेर / संकेतबाट / फिंगर स्पेलीङ मार्फत) | | | | | |
| २ | परिचित वस्तुहरूलाई औलाले देखाउन / हाउभाउ गर्न/ संकेत गर्न वा बोलेर पहिचान गर्न सक्छ (जस्तै:-चम्चा, गिलास, कप, प्लेट तथा अन्य वस्तुहरू) | | | | | |
| ३ | परिचित व्यक्तिलाइ औलाले देखाउन / हाउभाउ गर्न/ संकेत गर्न वा बोलेर पहिचान गर्न सक्छ (जस्तै:-नातेदार वा नजिकका व्यक्तिहरू) | | | | | |
| ४ | संचारका विभिन्न विधि मार्फत प्रदान गरिएको सामान्य निर्देशनहरू पालना गर्न सक्छन् (बस , उठ, देउ, आऊ, जाउ, माथि चढ, तल झर आदि) | | | | | |
| ५ | मौखिक / हाउभाउ वा शारीरीक रुपमा गरिएको अभिवादनको प्रतिक्रिया दिन सक्छ। (जस्तै:-नमस्कार गर्ने, हात मिलाउने) | | | | | |
| ६ | अनुभव, घटना वा कथाहरूको बारेमा गरिएको सामान्य प्रश्नहरुको उत्तर दिन सक्छन्। (सञ्चारको आफ्नै विधि जस्तैः बोलेर, लेखेर, संकेत गरेर आदि) | | | | | |
| ७ | आफ्नो अनुभव, घट्ना वा कथाहरू आदान प्रदान गर्न सक्छ ( जस्तै बोलेर, लेखेर, संकेत गरेर आदि) | | | | | |
| ८ | अन्तरक्रियाको क्रममा आवस्यकता र भावनाहरू व्यक्त गर्न सक्छ। (मुस्कुराउनु, चर्को आवाजमा रुन बन्द गर्नु, बोल्नु, संकेत गर्नु आदि) | | | | | |
| ९ | आफैले सञ्चारको सुरुआत गर्न सक्छ<br>(कुराहरु आफैले सुरु गर्न सक्ने) | | | | | |
| १० | वर्तमान, भूत र भविष्यका घटनाहरूको बारेमा संचार गर्न सक्छ | | | | | |
| ११ | बोलेर तथा संकेतहरू गरेर आफ्ना रूचि छनोट गर्न सक्छ। | | | | | |
| | **Total जम्मा** | | | | | |
| **F.** | **Literacy and Numeracy (area covers Academics, Reading, Writing, and Numbers)<br>Maximum score: 60** | | | | | |
| **च.** | **साक्षरता र संख्यात्मकता (समावेश गर्ने शिक्षाका क्षेत्र: पठन, लेखन, र संख्याहरू)<br>अधिक्तम स्कोर : ६०** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | चित्रहरू, स्पर्श चित्रहरू र वस्तुहरूको जोडा मिलाउन सक्छ ।<br>(न्यूनतम १० वटा) | | | | | |
| २ | फरक आकृतिका ३ ओटा वस्तुहरू समुहगत रूपमा मिलाउन सक्छ । | | | | | |
| ३ | फरक आकारका ३ ओटा वस्तुहरू समुहगत रूपमा मिलाउन सक्छ । (ठूलो, सानो, लामो र छोटो) | | | | | |
| ४ | नियमित रूपमा प्रयोग गर्ने दश ओटा वस्तुहरूको बारेमा सोध्दा देखाएर/पढेर/ सङ्केत गरेर उत्तर दिन सक्छ (जस्तै, चामल, दाल, चीयापत्ती, बत्ती, फ्यान, म्याट, टेबल, कुर्सि, शर्ट र जामा, सर्ट र प्यान्ट आदि) | | | | | |
| ५ | पेन्सिल / स्टायलस / साइन पेन प्रयोग गरेर कोर्न  सक्छ । | | | | | |
| ६ | दिइएको चित्र वा स्पर्श रेखाको सिमा भित्र रंग भर्न वा कोलाज  (टुक्राहरू मिलाई चित्र बनाउने) बनाउन सक्छ । | | | | | |
| ७ | अंक १ देखी १० सम्म पहिचान गर्न सक्छ | | | | | |
| ८ | अंक १ देखी १० सम्म क्रमबद्ध रूपमा राख्न सक्छ । | | | | | |
| ९ | १ देखि १० सम्मका संख्याहरु गणना गर्न सक्छ | | | | | |
| १० | संख्या १ देखि १० सम्म लेख्न (ब्रेलमा वा मसी) सक्छ | | | | | |
| ११ | नेपाली स्वरवर्ण पहिचान गर्न सक्छ | | | | | |
| १२ | नेपाली व्यञ्जन वर्णहरू  पहिचान गर्न सक्छ | | | | | |
| १३ | हप्ताको ७ बारका नाम पहिचान गर्न सक्छ | | | | | |
| १४ | रु.५, रु.१०, रु.२०, रु.५०, रु.१००, रु.५०० र रु.१,००० का नेपाली रूपैँया पहिचान गर्न सक्छ । | | | | | |
| १५ | भर्ना गरिएको कक्षा अनुसार अनुकूलित मुलधारको पाठ्यक्रम घरमा आधारित शिक्षामा बुझ्न / पढ्न / पहुँच गर्न सक्षम छन् | | | | | |
| | **Total जम्मा** | | | | | |

| Evaluation मूल्यांकन | | | |
|---|---|---|---|
| **Name of the Skill/Activities Areas क्षेत्रको नाम** | **Baseline/Current Performance Level (Score of Areas) आधार रेखा र वर्तमान कार्यसम्पादनको स्तर (क्षेत्रहरूको स्कोर)** | **Evaluation end of 6 months ६ महिना पछिको मूल्याङ्कन** | **Evaluation end of 12 months १२ महिना पछिको मूल्याङ्कन** |
| A. Physical and motor skills<br>क. शारीरिक र क्रियात्मक सम्बन्धी सीप | | | |
| B. Cognitive skills<br>ख. संज्ञानात्मक कौशल | | | |
| C. Socio-Emotional and ethical development<br>ग. सामाजिक, भावनात्मक र नैतिक विकास | | | |
| D. Cultural/artistic development<br>घ. सांस्कृतिक र कलात्मक विकास | | | |
| E. Communication and language<br>ङ. सञ्चार र भाषा | | | |
| F. Literacy and Numeracy<br>च. साक्षरता र संख्यात्मकता | | | |
| **G. Grand scoring**<br>**कुल स्कोर** | | | |

कार्यात्मक मूल्यांकनको साधनले व्यक्तिले वर्तमानमा प्रदर्शन गरेकाको कार्यदक्षताको तह पत्ता लगाउदछ। माथिको मूल्यांकनको खण्डबाट प्राप्त स्कोरलाई व्यक्तिगत शैक्षिक योजना (IEP) मा स्थानान्तरण गर्न सकिन्छ।

नोट १:

लक्ष्य र उद्देश्यहरू सेट गर्न अघि आधार रेखा पूरा गरेको हुनुपर्नेछ।

नोट २:

सबै सीप तथा क्रियाकलापहरूको लागि स्कोरिङ लागू नहुन सक्छ। तसर्थ, यो सुझाव दिइन्छ कि विशेष शिक्षकहरूले मूल्याङ्कन र लक्ष्यहरू निर्धारण गर्न विद्यार्थीको आवश्यकता, उमेर, शैक्षिक प्राथमिकताहरू र सम्भावनाहरू अनुसार सान्दर्भिक सीप र क्रियाकलापहरूलाई प्राथमिकता दिई र छनौट गर्नुपर्नेछ।

Functional difficulties identified:

पहिचान भएको कार्यात्मक कठिनाई (फारम भरीसके पश्चात देखिएको) :

# Inclusive Futures

Promoting disability inclusion

…………………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………………
…………………………………………………………….

## अनुसूची ४

| क्रसं | अनुकुलनका क्षेत्रहरु | |
|---|---|---|
| 1 | पढाउने विषयवस्तुमा | समायोजन (के सिकाउने भन्ने विषयवस्तुमा) |
| 2 | शैक्षणिक समायोजन | (कसरी सिकाउने र कसरी सिकेको कुरा प्रदर्शन गर्ने) |
| 3 | वातावरणीय समायोजन | (कहाँ, कहिले र कोसँग सिक्ने वातावरण मिलाउने) |
| **पाठ्यक्रम अनुकुलन गर्ने ९ उपायहरु** | | |
| 1 | Output | |
| 2 | Input | |
| 3 | Time | |
| 4 | Difficulty level | |
| 5 | Level of support | |
| 6 | Size | |
| 7 | Degree of participation | |
| 8 | Alternative goals | |
| 9 | Substitute curriculum | |


## अनुसूची ५

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत बैयक्तिक शैक्षिक योजना

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र,
सानोठिमी

# वैयक्तिक शैक्षिक योजना

# (Individualized Education Plan-IEP)




विद्यार्थीको नामः ............................................................................ कक्षाः ...................... शैक्षिक सत्र: ............

विद्यार्थीको : (IEMIS ID) ............................................ विद्यालयको IEMIS ID: .......................................

विद्यालयको नाम: ........................................................... ठेगानाः ...........................................................

## बिधार्थीको विवरण

बिधार्थीको फोटो

बिधार्थीको नाम : ............................................................................................ कक्षा ..............................

जन्म मिति:......................... लिङ्ग : छात्र ☐ छात्रा ☐ अन्य ☐ मातृभाषा:.................................

अपाङ्गता भए प्रकार:............................................. वर्ग:....................................

बिशेष कठिनाइ (कार्यगत सिमितता):...................................................................

अभिभावकको नाम:.................................................... नाता:.............................

सम्पर्क नम्बर:.............................................

| सबल पक्ष | कठिनाइ | रुची | अतिरिक्त सहायता आवश्यक |
|---|---|---|---|
| | | | |

अवस्था र आवश्यकता पहिचान रुजु सुची

| क्र.स. | क्षेत्रगत विवरण | सुरुको अवस्था (√) | | वार्षिक रुपमा योजना कार्यावन्यन पश्चापको अवस्था(√) | |
|---|---|---|---|---|---|
| | | आफै गर्न सक्छ | कठिनाई छ | आफै गर्न सक्छ | कठिनाई छ |
| १.आधारभूत सिप सिकाइ (स्वावलम्बन सिप, शारीरिक विकास, सामाजिक सिप, संवेगात्मक सिप तथा संचार सिप) | | | | | |
| क) | स्वावलम्बन सिपको अवस्था | | | | |
| १.१ | चर्पी दिसा पिसाब गर्न | | | | |
| १.२ | हात, मुख, खुट्टाहरु धुन | | | | |
| १.३ | दाँत माझ्न | | | | |
| १.४ | र्याल नियन्त्रण गर्न वा पुछ्न तथा सिंगान पुछ्न | | | | |
| १.५ | कपाल कोर्न तथा कपाल बाँध्न | | | | |
| १.७ | खानेकुरा चिन्न | | | | |
| १.८ | खानेकुरा ठिक तरिकाले खान | | | | |
| १.९ | खानेकुरा तोकिएको स्थानमा बसेर खान | | | | |
| १.१० | आफ्नो आवश्यकता अनुसार खान | | | | |
| १.११ | आफ्नो आवश्यकता अनुसार पानी पिउन | | | | |
| १.१२ | खानेकुराका भाँडाहरु समाउन तथा राख्न | | | | |
| १.१३ | खाएका भाडाकुँडा ठिक ठाउँमा राख्न | | | | |
| १.१४ | फोहोर वस्तु डस्टबिन वा निश्चित ठाउँमा राख्न वा फाल्न | | | | |
| १.१५ | परिचित व्यक्तिसँग आफ्नो कुरा बताएर सहयोग माग्ने जस्तो भोक, तिर्खा, दिसा, पिसाब, खेल्न, खेलौना, घुमघाम आदी) भन्न वा सङ्केत गर्न | | | | |
| १.१६ | लुगा लगाउन | | | | |
| १.१७ | जुत्ता, चप्पल लगाउन | | | | |
| १.१८ | लुगा, जुत्ता, चप्पल फुकाल्न तथा निश्चित स्थानमा मिलाएर राख्न | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१९ | दाँया, बाँया चिन्न तथा सुल्टो तरिकाले कपडा वा जुत्ता चप्पल लगाउन | | | | |

| क्र.स. | क्षेत्रगत विवरण | सुरुको अवस्था (√) | | वार्षिक रुपमा योजना कार्यावन्यन पश्चापको अवस्था(√) | |
|---|---|---|---|---|---|
| | | आफै गर्न सक्छ | कठिनाई छ | आफै गर्न सक्छ | कठिनाई छ |
| ख) | शारीरिक बिकासको अवस्था | | | | |
| | सुक्ष्म मांसपेशी | | | | |
| १.१ | हात, मुख, खुट्टाहरु चलाउन | | | | |
| १.२ | हातका औलाले स-साना सामग्री वा दानाहरु टिप्न | | | | |
| १.३ | एक इन्चका गेडीले बनेका वा सामग्रीले बनेका मालाहरु उन्न | | | | |
| १.४ | कागतहरु वा पानाहरु दोबारने तथा फर्काउन | | | | |
| १.५ | विर्को वा कुनै चिजहरुको ढक्कन खोल्ने तथा बन्द गर्न | | | | |
| १.७ | लुगाका टाकहरु लगाउने, तुना बाँध्न | | | | |
| १.८ | फलफूलका बोक्राहरु फाल्न | | | | |
| १.९ | कैचि समाउन तथा काट्न | | | | |
| १.१० | कलम तथा अन्य सामग्री समाउन | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | स्थल मांसपेशी | | | | |
| १.१ | हातखुट्टा चलाउन, हिड्न, दाँया बाँया फर्कन तथा तलमाथि गर्न | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२ | कुनै सामग्री उठाउन, सार्न, राख्न तथा फाल्न | | | | |
| १.३ | सिधा सन्तुलन मिलाएर हिड्न | | | | |
| १.४ | शरीर हल्लाउन, घुम्न, उफ्रन वा नाच्न | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

................................. त्रैमासिक योजना
(........................... महिना देखि ..................................महिना सम्म)

योजना बनाएको मितिः ....................................................यस अवधिमा विद्यालय सञ्चालन भएको दिनः ............................... विद्यार्थीको उपस्थिति दिनः .............................................

| बिषयगत क्षेत्र | वार्षिक लक्ष्य | उदेश्य | क्रियाकलाप | सामग्री | मुल्यांकन (१-४) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

वैयक्तिक शैक्षिक योजना निर्माणकर्ताहरूः

| क्र.स. | नाम | पद | हस्ताक्षर | क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| १ | | | | ३ | | | |
| २ | | | | ४ | | | |